**सबैको रोजाई**
मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका
लागि अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत
**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा

# नयाँ सन्दर्भ साप्ताहिक
**Naya Sandarbha Weekly**

वर्ष : २५ अंक : २ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ साउन १८ *(August 2, 2020)* नेपाल सम्वत ११४० मुल्य : रु.१०।-

### नगर शिक्षा कार्यालयले लिएन जिम्मेवारी

# भद्रपुरमा सञ्चालित विद्यालय बन्द



–**सन्दर्भ समचारदाता**

भद्रपुर । संघीय सरकारको निर्णय विपरित भद्रपुर नगरपालिकाका क्षेत्रमा विद्यालय सञ्चालन गरिएको भन्दै जिल्ला प्रशासन कार्यालय झापा तथा शिक्षा समन्वय इकाइ झापाले बन्द गर्न निर्देशन दिएपछि शैक्षिक गतिविधि रोकिएका छन् ।

सरकारले सबै क्षेत्र खुल्ला गरेपछि शिक्षा क्षेत्रका विषयमा निर्णय लिने बताइ रहेका बेला भद्रपुर नगर शिक्षा समितिको साउन ८ गतेको बैठकले विद्यालय सञ्चालन गर्न दिएपछि सञ्चालनमा आएका विद्यालयहरू शुक्रवारबाट बन्द गराइएको हो ।

जिल्ला प्रशासन कार्यालय झापा तथा शिक्षा समन्वय इकाइ झापाले जारी गरेको सूचनामा कुनै पनि बाहनामा शैक्षिक गतिविधि नगर्न भनिएको छ ।

मन्त्रिपरिषद् बैठकको साउन ७ गतको निर्णय अनुसार भदौ १ गतेदेखि विद्यार्थी भर्ना, शैक्षिक गतिविधि र अन्य परीक्षा सञ्चालन गर्ने र अर्को सूचनाबाट तोकिएको मितिदेखि मात्र शैक्षिक संस्थाहरू विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र सञ्चालन गर्ने व्यवस्था गर्न लेखी आएको हुँदा सोही अनुसार मात्र गराउनु हुन प्रशासन कार्यालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

भद्रपुर नगरपालिकाका क्षेत्र भित्रका अधिकाम्स संस्थागत तथा केही सामुदायिक विद्यालयले ९ र १० कक्षाको पढाइ सुरू गरेका थिए । साउन ८ गतेयता विद्यालय आउन थालेका विद्यार्थीहरूले साउन १६ गतेबाट संघीय सरकारको अर्को निर्णय नआएसम्म विद्यालय आउन नपाउने भएका छन् ।

भद्रपुर क्षेत्रमा विद्यालय खुल्ला रहेको हल्ला चलेपछि नेपाल विद्यार्थी संघ झापाले विहीवार केही संस्थागत विद्यालयहरूको स्थलगत अनुगमन गरी तत्काल विद्यालय बन्द गराउन माग राख्दै झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानासित माग राखेको थियो ।

नेविसंघ झापाको टोलीले प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगर, प्रहरी प्रमुख कृष्णप्रसाद कोइराला, र जिल्ला शिक्षा समन्वय इकाई झापाका प्रमुख जयप्रसाद महतलाई भेटेर विद्यालय सञ्चालन भइरहेकोबारे जानकारी गराएपछि भद्रपुर नगर शिक्षा समितिमाथि प्रश्न उठाइएको थियो । नेविसंघको टोलीसँग कुरा गर्दै प्रजिअ रानाले विद्यालय सञ्चालन सरकारी निर्णय विपरित भएको जनाउँदै तत्काल बन्द गराउने आश्वासन दिएका थिए ।

यता भद्रपुर नगर शिक्षा समितिले भने भद्रपुर नगर क्षेत्रमा विद्यालय सञ्चालन गर्ने कुनै निर्णय नगरेको भन्दै आफ्नो बचाउ गरेपछि प्याब्सन भद्रपुरको टोली जिल्ला प्रशासन कार्यालय झापा पुगेको थियो ।

विद्यालय सञ्चालकहरूसित कार्यकक्षमै प्रजिअ रानाले अविलम्ब विद्यालय बन्द नगरे सञ्चालकहरूलाई कानुनी कारवाही गर्ने बताएपछि आइतवारदेखि विद्यालय सञ्चालन नगर्ने निर्णय गरिएको हो ।

प्याब्सन भद्रपुर नगर अध्यक्ष डिल्ली दुलाल भद्रपुर नगर शिक्षा समितिले साउन ८ गते राखेको सर्व पक्षीय बैठकमा स्वास्थ्य सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न दिने निर्णय भएको बताउँछन् । उनका अनुसार नगर शिक्षा समितिबाट तय भएको स्वास्थ्य मापदण्ड पालना गरे नगरेको अनुगमन पश्चात विद्यालय सञ्चालनमा ल्याइएको हो ।

यसैबीच भद्रपुर नगरपालिका शिक्षा शाखाका प्रमुख प्रेमबहादुर भुजेलले भने नगरपालिकाले विद्यालय सञ्चालनका लागि औपचारिक निर्णय नगरेको प्रस्ट पारेका छन् । प्रमुख भुजेलका अनुसार निजी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक, राजनीतिक दलका प्रतिनिधि, नगरपालिकासहितको संयुक्त बैठकपछि तयार पारिएको आचारसंहिता पालना गरेर अभिभावकसित सहमती गरी विद्यालय सञ्चालन गर्न नगर शिक्षा कार्यालय लचिलो भएको भए पनि औपचारिक निर्णय गरेर विद्यालय सञ्चालन गर्न दिइएको छैन ।

## कोरोना रोकथाम तथा नियन्त्रण गर्न स्थानीय तहलाइ अधिकार



विराटनगर । कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रण गर्न स्थानीय तहले आफैं आवश्यक कदम चाल्न सक्ने गरी प्रदेश १ सरकारले बाटो खोलिदिएको छ । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेको अध्यक्षतामा शुक्रबार मन्त्रालयमा बसेको बैठकले 'परिस्थितिको विश्लेषण गरी कोरोनाको रोकथाम तथा नियन्त्रण गर्न सम्बन्धित स्थानीय तहले आवश्यक कदम चाल्न सक्ने' निर्णय गरेको छ । स्थानीय तहले परिस्थिति हेरेर आफैंले लकडाउनसमेत गर्नसक्ने भएका छन् । संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको पहिचान गर्ने र पीसीआर परीक्षणको दायरा अझ बढाउने निर्णय गरेको मन्त्री घिमिरेले जानकारी दिएका छन् ।

नेपाल सरकारले जारी गरेको कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सर्वसाधारण नागरिक, कर्मचारी तथा कामदार कार्यालय, उद्योग धन्दा व्यापार व्यवसायले सार्वजनिक स्थल, सार्वजनिक यातायात तथा कार्यास्थलमा पालना गर्नुपर्ने स्वास्थ्य र सुरक्षा संवन्धि मापदण्डलाई एकीकृत गरी सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सम्बन्धी मापदण्ड जारी गर्ने निर्णय गरेको छ । यसको प्रभावकारी कार्यान्वयन गर्न प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल, सामाजिक संघ संस्था, सञ्चारकर्मीलाई आग्रह गर्ने र मापदण्ड पालना नगर्ने व्यक्ति तथा निकायलाई कानुन बमोजिम कारवाही गरिने बैठकको निर्णय छ । कोशी कोभिड अस्पतालको हालको शय्या विस्तार गरिने र आइसोलेसन केन्द्रहरुको विस्तार गर्ने निर्णय गरिएको सामाजिक विकास मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले जानकारी दिए । बैठकमा विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली, मोरङका निमित्त प्रमुख जिल्ला अधिकारी ध्रुव खड्का, आन्तरिक मामिला तथा कानून मन्त्रालयका निमित्त सचिव कोमलबहादुर थापा, मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्का लगायत सहभागी थिए ।

यसैबीच, प्रदेश १ मा शुक्रबार ३१ जना कोरोना संक्रमित थपिएका छन् । झापामा १३, मोरङमा १२, इलाममा ५ र उदयपुरमा १ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयका प्रवक्ता डा.सुरेश मेहताले बताए । प्रदेश १ मा कोरोना सक्रमितको संख्या १ हजार २४ पुगेको छ । प्रदेश १ मा शुक्रबार ६ सय ५९ जनाको पीसीआर परीक्षण गरिएको छ । तीमध्ये ८ महिला र २३ पुरुषमा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।



**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स** भद्रपुर–१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायन



**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर–१० (चन्द्रगढी), झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२९२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता

श्री ..............................................................................................., ठेगाना ...........................................



# विनाकारण तीन वर्ष बढी कैद भुक्तान गरेका गिरीको रिहा



भद्रपुर । झापा कारागारमा विना अभियोग एक युवाले ३ वर्ष बढी कैद बस्नु परेको पाइएको छ ।

असामान्य मानसिक अवस्था भएका झापाको साबिक गरामनी-३ हाल बिर्तामोड नगरपालिका-८ का माधव गिरीले तीन वर्ष चार महिना ५ दिन झापा कारागारमा विना अभियोग कैदी भएर बस्नु परेको हो ।

सहज रूपमा बोल्न नसक्ने अवस्थाका उनलाई के अभियोग लगाएर ल्याइएको हो ? कति दिन कारागारमा राखिनु पर्ने हो भन्ने प्रमाणित कागजपत्रविना राखेको पाइएको छ । गिरीलाई थुनामा राख्नु पर्ने अभियोगको प्रमाण झापा कारागार प्रशासनसित नभेटिएपछि उच्च अदालत इलामको आदेशमा थुना मुक्त गरिएको छ ।

तत्कालीन कारागार प्रमुख यज्ञराज निरौलाको लापरवाहीले गर्दा सुस्त मनस्थितिका माधवको पक्षमा बोल्ने कोही नभएपछि थुना अवधी यकिन नभएर कारागार बस्न बाध्य भएको पीडित पक्षको भनाइ छ । जेलर निरौला २०७२ फागुन १४ गतेदेखि २०७५ साल कार्तिक ९ गतेसम्म कारागार प्रमुख भएर चलाएका थिए । माधव २०७३ साल साउन २८ गते सार्वजनिक अपराध अन्तर्गत झापा कारागारमा आए र सजाय भुक्तान गरी २०७३ साल माघ १८ गते छुटेकोसम्म अभिलेख कार्यालयमा छ ।

तर फेरि उनी २०७३ साल चैत्र ९ गते कारागारको आन्तरिक प्रशासनको अभिलेखमा कारागार प्रवेश गरेको भेटिन्छ । तर उनको अपराध र कारागारको अवधिको अभिलेख जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, कारागार, कारागार आन्तरिक प्रशासनमा कतै पनि छैन । हालका कारागार प्रमुख राजेन्द्र निरौलाले उनको विषयमा खोजी सम्पूर्ण निकायमा नभेटेपछि उनको पहलमा मङ्गलवार इलाम उच्च अदालतको आदेशमा परिवार र जनप्रतिनिधिको रोहवरमा कैद मुक्त गरी जिम्मा लगाएका छन् । झापा कारागारका प्रमुख निरौलाका अनुसार गिरीको कागजपत्र कतै नभेटिएपछि उनको तर्फबाट बन्दी प्रत्यक्षीकरण रिट हाल्न लाएर उच्च अदालत विराटनगरको इलाम इजलासको फैसलाले थुना मुक्त गरिएको हो ।

कारागारका आन्तरिक प्रशासन प्रमुख मोहन धितालका अनुसार २०७३ सालमा आएको देखिन्छ तर कुन कसुरमा आएको भन्ने कतै भेटिएन सो कामको लागि कारागार प्रमुखले भूमिका खेलेको बताए । उनले गिरीको कुनै अभिलेख नभएपछि उच्च अदालतको आदेश पछि थुनामुक्त भएको बताए ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता डिएसपी राकेश थापाले गिरीलाई उच्च अदालतको आदेश लगत्तै छाडिएको जानकारी दिए । उनले गिरीले पहिलो पटक अदालतको आदेश अनुसार कैद भुक्तान गरेको र दोस्रो पटक उनी के कारणले पुन : अदालतमा प्रवेश गरे भन्ने विषयमा आफूहरू अनविज्ञ रहेको उल्लेख गरे । गिरी जेल पर्नुको कुनै पनि कारण प्रहरीसँग नरहेको प्रहरी प्रवक्ता थापाले बताए ।

झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले अदालतको आदेश लगत्तै गिरीलाई थुनामुक्त गरिएको बताए । गिरीको विषयमा कतै कुनै पनि प्रमाण नभएकाले उनलाई अदालतको आदेश बमोजिम छाडिएको प्रजिअ रानाको भनाई छ ।

कुनै पनि व्यक्ति पक्राउ पर्दा उसको सबै कारणहरू अभिलेखको रुपमा प्रहरीले सुरक्षित राख्नु पर्ने हुन्छ । साथै अदालतको आदेश अनुसार जेल चलान भएमा कारागार प्रशासनसँग सबै विवरण सुरक्षित हुन जरुरी छ तर, झापामा भने कर्मचारी लापरबाहींका कारण निर्दोष व्यक्तिले अनाहकमा जेल बस्नुपर्ने अवस्था आएको छ । बिना कसुर लामो समय जेल बस्नु परेका व्यक्तिलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने सामाजिक अगुवाहरूको भनाई छ । दोषी उम्कन नहुने र निर्दोष व्यक्तिले विना कारण सजायको भागिदार बन्नु पर्ने अवस्था आउन नहुने तर्फ सबै सजग बन्नु पर्ने बताइएको छ ।

# वन डिभिजन झापाको ९४ प्रतिशत उपलब्धी

भद्रपुर । डिभिजन वन कार्यालय झापाले गत आर्थिक वर्ष २०७६–०७७ मा ९४.२४ प्रतिशत प्रगति हासिल गरेको छ

कार्यालयलाई प्रशासनिक खर्चसहित ५ करोडको हाराहारीमा बजेट आएको थियो । त्यसमध्ये ३३ लाखको हाराहारीमा बजेट समर्पण गर्नु परेको डिभिजन प्रमुख विष्णुलाल घिमिरेले बताए । उनले कोरोना भाइरसको महामारीका कारण गोष्ठी , तालिम जस्ता कार्यक्रम गर्न नसकी प्रदेश सरकारलाई नै बजेट फिर्ता पठाउनु परेको जानकारी दिए । त्यस्तै गौरीगञ्जको कोरोबारीमा चौबन्नी



सिमसार तथा कछुवा संरक्षण केन्द्रका लागि आएको १२ लाख बजेट फ्रिज भएको छ । आएको बजेटमध्ये ९ लाख खर्च भएर १२ लाख फ्रिज भएको घिमिरेले बताए । पानी परेर सिमसार सफा गर्न नसक्दा ठेकेदारले काम गर्न नसकेको जनाइएको छ ।

सो सिमसार क्षेत्र ३ विगाहमा क्षेत्रफलमा फैलिएको छ । डिभिजन वन कार्यालयले प्रदेश हरित अभियान, प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम, वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम गरी मुख्यतया ५ किसिमका कार्यक्रम गर्दै आएको छ ।



नायिका : सुष्मा कार्की

विद्यार्थी, शिक्षक, कर्मचारी परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलव्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिलहिल अर्थोडक्स चिया प्रसोधन उद्योग, साखेजुङ-४, इलाम





विविध जातका फुलका विरुवा तथा विउविजनका लागि हामीलाई सम्भनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा

निर्माण जगतमा मजबुद नाम मनषा सिमेन्ट

LG Whirlpool CORPORATION
एल जी, व्हर्लपूल लगायत ब्राण्डका विद्युतीय घरायसी सामानहरुका लागि सम्झनु होस्
अमृत इन्टरप्राइजेज
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५७०७८

नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
म्यानेजिङ डाइरेक्टर सुभाषरत्न शाक्य
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।



निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
GC
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

HOTEL DANIEL
Our Facilities
- Room Service (Housekeeping/ Laundry)
- Spacious Car Parking
- Car Rental & Airlines Ticket Booking
- A/C Rooms With Adeequate Hot & Cold Water
- Conferance Hall
- Family Restaurant Cum Bar
- E-Mail, Internet, ISD, STD And Postal
- Airport Pick Up And Drop

Dambar Thapa
Managing Director
Contact No. : 023-543129
Sanichare Rod, Birtamode-6, Jhapa
Email : hoteldanielbtm@yahoo.com, dambarthapa022@gmail.com

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। व्यवस्थापक : गोविन्द कोइराला । प्रमुख सम्वाददाताःराधा खनाल। कम्प्युटरःअलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

# सम्पादकीय

## विद्यालय सञ्चालनका लागि संघ कि स्थानीय सरकार पहिलो जिम्मेवार ?

वर्तमान संविधानले विद्यालय तह सञ्चालनका लागि स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरेको विश्वास गरिएको छ । शासन सञ्चालनका २२ वटा अधिकार दिएको संविधानले शिक्षाको सञ्चालन अधिकार पनि दिएको हो । त्यही अधिकार प्रयोग अन्र्तगत नेपालको पूर्वी सिमान्त शहर भद्रपुर नगर क्षेत्रमा स्वास्थ्य सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न साउन ८ गतेको नगर शिक्षा समितिको सर्वपक्षीय भेलाले अनुमती दियो । लगत्तै उत्साही भएर संस्थागत विद्यालयले कक्षा सञ्चालन पनि सुरू गरे । नगर सरकारको विद्यालय सञ्चालन गर्न दिने निर्णय कागजी थियो कि थिएन ? सर्व पक्षीय भेलामा सहभागीले वास्ता समेत गरेनन् । नगर शिक्षा समितिले विद्यालयको भौतिक पुर्वाधार तथा रोग संक्रमण नियन्त्रणका लागि गरेका प्रतिरोधात्मक उपाय बारे अनुगमन गरिनसक्दै अधिकाम्स विद्यालय सञ्चालनमा आए तर एक हप्ता बित्न नपाउँदै विद्यार्थीका केही नेताहरूले जिल्ला प्रशासन कार्यालय झापा लगायत नियामक निकायमा विद्यालय सञ्चालन भइरहेको बारे प्रश्न मात्र गर्दा एकाएक विद्यालय बन्द हुन पुगे । नगर शिक्षा समितिका अध्यक्षको नेतृत्वमा शिक्षा, स्वास्थ्य सहितको प्राविधिक टोलीले तत्काल विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार पूरा गरे नगरेको स्थलगत अनुगमन गरेपछि मात्र सञ्चालित हुनु पर्ने विद्यालयहरू होडबाजीमा सञ्चालित हुन गए । कोरोना संक्रमण उच्च रहेको सिमावर्ती भारतको विहार र वंगाल राज्यसित सिमाना जोडिएको भद्रपुर नगरमा विद्यालय सञ्चालनमा आउनु आफैंमा जोखिमको भारी बहन गर्नु थियो । त्यस भारीलाई विद्यालयका जिम्मेवार पक्षसित नगर शिक्षा समितिले काँध मिलाएको छ भन्ने विश्वास समेत एकाएक अन्त्य भयो । आम अभिभावक तथा सरोकारवालाको मनमा विद्यालय सञ्चालनका लागि संघीय सरकार कि स्थानीय सरकार पहिलो जिम्मेवार भन्ने प्रश्नले पिरोलिरहेको छ ।

नगर सरकारले आफ्नो कार्य क्षेत्रमा रहेको शिक्षा सञ्चालनको अधिकार प्रयोग गरी २०७७ साउन ८ गते विद्यालय सञ्चालनका लागि मापदण्ड तय गरेको थियो । नगर सरकारसित अधिकार छ भन्ने विश्वास सवैसित थियो पनि तर नियम मिचिएको तथा स्वास्थ्य जोखिम बढाएर विद्यालय सञ्चालन गर्ने गतिविधि भएको ठहर गर्दै संघीय सरकारका प्रतिनिधि प्रमुख जिल्ला अधिकारीले विद्यालय बन्द गराइ दिएपछि संघीय राज्यको अवधारणा अनुसार स्थानीय सरकारसित पनि शिक्षा सञ्चालनको अधिकार छ भन्ने मान्यता पूर्ण रूपमा अन्त्य भएको छ । वर्तमान अवस्थामा संघीय सरकारले विद्यालय खोल्न अनुमती दिएको छैन । स्वास्थ्य मन्त्रालयले कोरोना संक्रमण जोखिम कम नभएका कारण विद्यालय सञ्चालन गरिनु नहुने सुझाव दिइरहेका बेला भद्रपुरमा विद्यालय खोलिने निर्णय आएको थियो । स्वास्थ्य जोखिम रोक्न विद्यालयहरूले महंगो खर्च गरेर निर्मलीकरणका उपकरणहरू खरिद गरे । संस्थागत विद्यालयहरूले शिक्षक कर्मचारीलाई पारिश्रमिक दिन नसकिरहेका बेला स्वास्थ्य सजकताका लागि विद्यालयमा गरिएको लगानी बालुवामा हालिएको पानी झैं हुन पुग्यो । यस प्रकरणपछि नगर शिक्षा समिति पनि विद्यालय सञ्चालन गर्न गरिएको आफ्नो निर्णयको बचाउ गर्न असमर्थ देखिएको छ । यसबेला विद्यालय शिक्षा सञ्चालनका लागि स्थानीय सरकार अधिकारविहिन हो त ? या संघीय सरकार नै सम्पूर्णता हो ? प्रश्न उठेको छ ।

## यसरी पुग्यो सगरमाथामा प्रथम मानव पाइला

# सगरमाथा आरोही तेन्जिङ नोर्गेको सगरमाथा आरोहणको रोमाञ्चक कथा

**–चन्द्र खाकी**

तेन्जिङ शेर्पा- पर्वतारोहणको क्षेत्रमा एउटा त्यस्तो अजर, अमर र सम्मानित नाम हो, जसको सम्झना नेपालमा मात्र हैन, भारतमा मात्र हैन, विश्वभर नै अति सम्मान र श्रद्धाका साथ गरिने गर्छ । नेपालको एउटा दुर्गम र विकट गाउँ त्सा-चुमा जन्मेका एउटा अति साधारण परिवारका व्यक्ति तेन्जिङको नाम मानव इतिहासकै पाटोमा असाधारण र अविस्मरणीय नाम बनिसकेको छ । संसारकै सर्वोच्च शिखर सगरमाथामाथि पहिलोपटक पाइला टेक्ने मान्छेको रुपमा उनी विश्व इतिहासमै अमर पात्रका रुपमा स्थापित हुन पुगेका छन् । यसरी, प्रकृतिमाथि मानव विजयको इतिहासको श्रृंखलामा तेन्जिङको नाम नमेटिने गरी लेखिनुको पछाडिको कथा कम रोचक, रोमाञ्चक र साहसिक छैन !

सगरमाथाको काखैमा जन्मेका तेन्जिङको बाल्यकालदेखिकै सपना सगरमाथाको शिखरमा पुग्ने थियो । र, आफ्नो यो सपनालाई पूरा गर्न आफ्नो जीवनका करीब २० वर्ष लामो समय तेन्जिङले सगरमाथामा पुग्ने मानवीय प्रयासका प्रायः सबै अभियानहरुमा कुनै न कुनै रुपमा सहभागी हुँदै बिताएका थिए । यस क्रममा उनी त्यस्ता अभियानहरुमा एउटा सामान्य भरियाको रुपमा देखि लिएर सरदार एवं अभियान दलकै सम्मानित सदस्यका रुपमा समेत सहभागी भएका थिए । सगरमाथामाथि विजय हासिल गर्ने प्रयासमा लागेका सन् १९३५, १९३६, १९३८ र १९५३ का ब्रिटिश आरोहण दलका साथ मात्र हैन, सन् १९४७ मा अर्ल डेनम्यानका साथ पनि उनले सगरमाथा चढ्ने प्रयास गरेका थिए । तेन्जिङमा सगरमाथा चढ्ने कस्तो अनौठो धुन थियो भने, उनले आफ्नो जीवनका महत्वपूर्ण उर्जामय समयहरु सगरमाथा चढ्ने प्रयासमै समर्पण गरेका थिए । सगरमाथा आरोहण गरिसकेपछि एक पटक उनले भनेका थिए- 'मेरो भित्री मनदेखिकै इच्छा नै सगरमाथाको शिखरमा जाने थियो ....... सगरमाथाको आकर्षण मेरो लागि संसारको अन्य कुनै पनि शक्तिको आकर्षणभन्दा धेरै गुना बढी शक्तिशाली थियो ।'

तेन्जिङमा सगरमाथा चढ्ने कस्तो अनौठो धुन थियो भने, उनले आफ्नो जीवनका महत्वपूर्ण उर्जामय समयहरु सगरमाथा चढ्ने प्रयासमै समर्पण गरेका थिए । सगरमाथा आरोहण गरिसकेपछि एक पटक उनले भनेका थिए- 'मेरो भित्री मनदेखिकै इच्छा नै सगरमाथाको शिखरमा जाने थियो ....... सगरमाथाको आकर्षण मेरो लागि संसारको अन्य कुनै पनि शक्तिको आकर्षणभन्दा धेरै गुना बढी शक्तिशाली थियो ।'

वास्तवमै, तेन्जिङको सगरमाथामाथि विजय हासिल गर्ने मानव प्रयासहरुमा तेन्जिङको सहभागिता उनका समकालीन अन्य शेर्पाहरुको जस्तो जीवनयापनमा मात्रै सीमित थिएन । बरु ती सहभागिताहरु जसरी भएपनि सगरमाथा आरोहण गरी छाड्ने तेन्जिङको दृढ इच्छा, धुन र समर्पणको नतिजा थियो । त्यसैले, तेन्जिङको यो धुन, यो समर्पण र यो उत्साहलाई विश्लेषण गर्नेहरु अझै पनि भन्ने गर्छन्- वास्तवमै तेन्जिङ सगरमाथा आरोहण गर्ने पहिलो व्यक्तिका हकदार नै थिए । हुन पनि, सन् १९५३ सम्ममा सगरमाथा क्षेत्रमा सबैभन्दा बढी समय बिताउने प्रथम मानिस सम्भवतः उनी नै थिए । एडमण्ड हिलारीसँग मिलेर सगरमाथा आरोहण गर्नुभन्दा एक महिना पहिले मात्रै उनी स्वीस आरोहण दलमा सहभागी भएर रेमण्ड ल्यामबर्टका साथ सगरमाथाभन्दा करीब १ हजार फीट तलसम्म पुगेका थिए । सम्भवतः त्यसबेलासम्म संसारको सबैभन्दा अग्लो स्थानमा मान्छे पुगेको क्षण त्यही नै पहिलो थियो ।

तेन्जिङलाई विश्वप्रसिद्धि दिलाउने सगरमाथाबाट करीब ३२ किलोमिटरको दूरीमा रहेको नेपालको सोलुखुम्बुस्थित एउटा दुर्गम र विकट गाउँ थामेमा बसोबास गर्ने एउटा साधारण शेर्पा परिवारमा तेन्जिङ शेर्पाको जन्म भएको थियो । तेन्जिङको परिवारको स्थायी बसोबास थामे गाउँमा थियो । तर तेन्जिङको जन्म भएको बेला उनकी आमा पूर्वी नेपालस्थित शेर्पाहरुको लागि पवित्र स्थान मानिने त्सा-चुस्थित घाङ ला नामक बिहारमा थिइन् । त्यहाँ नै उनको जन्म भएको थियो । तेञ्जिङ नोर्गे शेर्पाको जन्म सन् १९१४ मे महिनामा भएको हो । उनको यो जन्ममिति तिब्बती चन्द्रवर्ष पात्रोको आधारमा तोकिएको हो । किनभने त्यसबखत जन्मदर्ताको चलन थिएन । १३ जना सन्तान रहेको परिवारमा तेञ्जिङ एघारौं सन्तान थिए । तेन्जिङको खास नाम नाम्याल वाङ्दी थियो । उनको यो नाम स्थानीय एकजना प्रसिद्ध लामाले बदलिदिएर तेन्जिङ नोर्गे राखिदिएका थिए । शेर्पा भाषामा नोर्गेको अर्थ हुन्छ- भाग्यमानी (यचतगलबत) अर्थात् सधैं सुखद भाग्य भएको र मौकाले साथ दिने व्यक्ति ।

तेन्जिङले आफ्नो बाल्यकाल उच्च हिमाली इलाकाहरुमा याक चराउँदै बिताएका थिए । करीब १३ वर्षको कलिलो उमेरमै उनी सुन्दर भविष्य निर्माणको सपना बोकेर घरबाट भागेका थिए । सगरमाथा चढ्ने आफ्नो सपना पूरा गर्ने बाटो भेटिएला कि भन्ने आशा बोकेर उनी नेपालको राजधानी काठमाडौं आएका थिए । तर काठमाडौंमा उनी टिक्न र अडिन सकेनन् । फेरि काठमाडौंमा बस्दा सगरमाथा आरोहणको आफ्नो सपना पूरा हुने छाँट पनि उनले देखेनन् । अतः उनी पुनः गाउँ फर्के ।



तेन्जिङले आफ्नो बाल्यकाल उच्च हिमाली इलाकाहरुमा याक चराउँदै बिताएका थिए । करीब १३ वर्षको कलिलो उमेरमै उनी सुन्दर भविष्य निर्माणको सपना बोकेर घरबाट भागेका थिए । सगरमाथा चढ्ने आफ्नो सपना पूरा गर्ने बाटो भेटिएला कि भन्ने आशा बोकेर उनी नेपालको राजधानी काठमाडौं आएका थिए । तर काठमाडौंमा उनी टिक्न र अडिन सकेनन् ।

त्यसको करीब पाँच वर्षपछि अर्थात् सन् १९३२ मा पहिलेजस्तै फेरि घरबाट भागेर उनी दार्जिलिङ पुगे । यसरी घरबाट भागेर दार्जिलिङ जानुको पछाडि पनि उनको एउटै इच्छाले काम गरेको थियो, त्यो हो- सगरमाथा आरोहणको प्रयासमा जुटेको ब्रिटिश दलमा कुनै पनि हालतमा सहभागी हुने र सगरमाथा चढिछाड्ने ! त्यसबेला नेपाल विदेशीहरुका लागि निषेधित थियो र त्यसबेलासम्म सगरमाथा आरोहणका जति पनि प्रयासहरु भएका थिए, उत्तरी मोहडातर्फबाट भएका थिए । यसक्रममा, सगरमाथा आरोहणका लागि भएको सन् १९२१ को पहिलो प्रयासदेखि नै ब्रिटिशहरुले दार्जिलिङमा बसोबास गरेका शेर्पाहरुलाई आरोहणमा मद्दतका लागि भरिया लगायत विभिन्न कामहरुका लागि दलमा सहभागी गराएका थिए । यही कारण नै तेन्जिङ पनि आफू ब्रिटिश आरोहण दलमा सहभागी हुन पाउने ठूलो आशा र सपना बोकेर दार्जिलिङतिर हानिएका थिए ।

तेन्जिङको नोर्गेका लागि सुखद् मौकाको कुरा, उनले एरिक शिप्टनले नेतृत्व गरेका सन् १९३५ को ब्रिटिश आरोहण दलमा भरियाको रुपमा सहभागी हुने अवसर पाए । त्यसबेला उनी भरखरै १९ वर्षे ठिटो थिए । यसरी, अब तेन्जिङले हिमाल आरोहणमा जाने मौका पाए । आफूले सानैदेखि देखेको सगरमाथा आरोहणमा जाने सपना साकार हुन थालेकोमा उनी हर्षले नाचे !

सगरमाथा शिखर आरोहणको ब्रिटिश प्रयासमा सहभागी बनेको पहिलो चरणमै तेन्जिङ हिमालसँग पैठेजोरी खेल्ने आफ्ना विशिष्ट क्षमता र कलाका कारण ब्रिटिशहरुका प्रियपात्र बन्न पुगे । सन् १९३५ को यो आरोहणको बेला तेन्जिङको कठोर परिश्रम गर्ने बानी, हिमाल चढ्ने खुबी एवं सहयोगी व्यवहारले सगरमाथा आरोहणको प्रयासमा एकछत्र रुपमा जुटेका गोरा ब्रिटिशहरुको मन जित्यो । यसरी गोराहरुको मन जितेपछि त प्रत्येक ब्रिटिश आरोहण दलमा तेन्जिङको उपस्थिति अनिवार्य जस्तै हुन थाल्यो । सन् १९३५ को आरोहण प्रयासको लगत्तै सन् १९३६ र १९३८ को ब्रिटिश आरोहण दलमा पनि तेन्जिङ समावेश गराइए ।

सगरमाथा शिखर आरोहणको ब्रिटिश प्रयासमा सहभागी बनेको पहिलो चरणमै तेन्जिङ हिमालसँग पैठेजोरी खेल्ने आफ्ना विशिष्ट क्षमता र कलाका कारण ब्रिटिशहरुका प्रियपात्र बन्न पुगे । सन् १९३५ को यो आरोहणको बेला तेन्जिङको कठोर परिश्रम गर्ने बानी, हिमाल चढ्ने खुबी एवं सहयोगी व्यवहारले सगरमाथा आरोहणको प्रयासमा एकछत्र रुपमा जुटेका गोरा ब्रिटिशहरुको मन जित्यो ।

यसबीच दोस्रो विश्वयुद्ध शुरु भयो । ब्रिटिश साम्राज्यवादको समेत सहभागितामा चर्केको दोस्रो विश्वयुद्धका कारण सगरमाथा आरोहणका ब्रिटिश प्रयासहरु स्थगित हुन पुगे । तर तेन्जिङले शिखर आरोहणका आफ्नो प्रयासलाई पूर्णबिराम लगाएनन् । युद्धको अवधिबीचमा पनि उनले भारतको नन्दादेवी, पाकिस्तानको तिरिच मीर र नागा पर्वत अनि नेपालको लाङटाङ क्षेत्र र भारतको गढवाल क्षेत्रका शिखरहरु आरोहण गर्ने टोलीमा सहभागी भएर पर्वतारोहणको आफ्नो कर्मलाई जारी राखे । यसक्रममा उनी सन् १९४८ मा तिब्बतमा गरिएको पुरातात्विक अनुसन्धानमा पनि सहभागी भएका थिए । दोस्रो विश्वयुद्ध कालमा तेन्जिङले भारतीय सेनाको स्की प्रशिक्षक भएर पनि काम गरेका थिए ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि संसारमा धेरै उथलपुथल र परिवर्तनहरु भए । यी उथलपुथल र परिवर्तनहरुबाट नेपाल पनि अछुतो रहन सकेन । फलतः यसअघि विदेशीहरुका लागि निषेधित नेपालका सीमाहरु पनि अब विदेशीहरुका लागि खुला गरिए । यसै समयमा तिब्बतमा पनि चिनियाँ जनवादी क्रान्ति विस्तार भयो र सामन्त र धार्मिक नेताहरु देश छाडेर भागे । अब तिब्बत क्षेत्र विदेशीहरुका लागि निषेधित क्षेत्र बन्न पुग्यो । यसले गर्दा अब उत्तरी मोहडाबाट सगरमाथा आरोहण गर्ने ब्रिटिश प्रयासहरुमा पनि पूर्णविराम लाग्न पुग्यो । अब सगरमाथा आरोहणको प्रयासमा पनि ब्रिटिशहरुको एकाधिपत्य रहेन ।

ब्रिटिश आरोहण दलमा भरियाको रुपमा काम गरेर सगरमाथा आरोहणको प्रयासमा जुटेका तेन्जिङ यतिबेलासम्म पर्वतारोहीहरुमाझ स्थापित नाम भइसकेको थियो । यसबेलासम्म आइपुग्दा उनी भरिया हैन, भरियाहरुका नाइके अनि पर्वतारोहीहरुलाई हिमाल चढ्न बाटो देखाउने तथा मद्दत गर्ने सरदार नै बनिसकेका थिए ।

ब्रिटिश आरोहण दलमा भरियाको रुपमा काम गरेर सगरमाथा आरोहणको प्रयासमा जुटेका तेन्जिङ यतिबेलासम्म पर्वतारोहीहरुमाझ स्थापित नाम भइसकेको थियो । यसबेलासम्म आइपुग्दा उनी भरिया हैन, भरियाहरुका नाइके अनि पर्वतारोहीहरुलाई हिमाल चढ्न बाटो देखाउने तथा मद्दत गर्ने सरदार नै बनिसकेका थिए । यसबीच, सन् १९५२ मा तेन्जिङलाई सगरमाथा आरोहणको प्रयासमा जुटेको स्वीस आरोहण दलमा सहभागी हुन बोलाइयो । यस दलमा उनलाई फगत भरिया वा अन्य त्यस्तै सहभागीका रुपमा हैन, बरु एउटा सम्मानित र अनुभवी पर्वतारोहीका रुपमा सगरमाथा आरोहणको प्रयासमा सहभागी हुन डाकिएको थियो । यस आरोहण दलमा सहभागी भएर तेन्जिङ शेर्पा लामबर्ट नाम गरेका अर्का पर्वतारोहीका साथ सगरमाथाको शिखरभन्दा ७७८ फिट तलसम्म अर्थात् २८,२५० फिटसम्म पुग्न सके । त्यसपछि हिउँदमा गरिएको दोस्रो आरोहण प्रयास चाहिँ खराब मौसमका कारण परित्याग गरिएको थियो ।

स्वीस आरोहण दलको यो प्रयास र यति हदको सफलताले ब्रिटिशहरुले अब प्रष्टसँग बुझे- अब सगरमाथा आरोहणको प्रयासमा ब्रिटिश एकाधिपत्य तोडियो । त्यसैले, सन् १९५३ मा उनीहरुले पुनः सगरमाथा आरोहणको प्रयास थालिहाले । परिवर्तित विश्व परिस्थितिमा ब्रिटिशहरु मात्र हैन, सबै विदेशीहरुका लागि नेपालको सीमा खुला गरिएको सन्दर्भमा त्यसबेला ब्रिटिश आरोहण दलका पछाडि सगरमाथा आरोहण गर्न जाने अन्य विदेशी आरोहण दलहरु पालो पर्खेर बसेका थिए । यस्तो अवस्थामा ब्रिटिशहरुले प्रष्टसँग बुझेका थिए- यस पटक पनि सगरमाथा आरोहण हुन सकेन भने अब अरु कुनै पनि मुलुकले यो सम्मान उछिट्याउन सक्छ ! सन् १९५३ मा ब्रिटिशहरुले सगरमाथा चढिछाड्ने हदको मरिहत्ते गर्नुको अर्को कारण पनि थियो, त्यो हो- संसारभरि नै ब्रिटिश आधिपत्य तोडिँदै गएको बेला, आफ्नो रानीको राज्याभिषेकको मौका पारेर सगरमाथाको आरोहण गरी पुनः एक पटक विश्वसामु ब्रिटिश सर्वोच्चता साबित गर्ने ! त्यसैले यस पटक ब्रिटिशहरुले सगरमाथा चढिछाड्ने मरिहत्ते गरेका थिए ।

सन् १९५३ मा ब्रिटिशहरुले सगरमाथा चढिछाड्ने हदको मरिहत्ते गर्नुको अर्को कारण पनि थियो, त्यो हो- संसारभरि नै ब्रिटिश आधिपत्य तोडिँदै गएको बेला, आफ्नो रानीको राज्याभिषेकको मौका पारेर सगरमाथाको आरोहण गरी पुनः एक पटक विश्वसामु ब्रिटिश सर्वोच्चता साबित गर्ने ! त्यसैले यस पटक ब्रिटिशहरुले सगरमाथा चढिछाड्ने मरिहत्ते गरेका थिए ।

ब्रिटिशहरुले यस अभियानलाई कति महत्व दिएका थिए भने उनीहरुले अन्तिम समयमा आएर यस आरोहण दलका नेता समेत बदलेका थिए । वास्तवमा, सन् १९५३ मे महिनामा आएको यो टोली त्यसबेलाका प्रसिद्ध बेलायती पर्वतारोही उनले इरिक शिप्टनको नेतृत्वमा सगरमाथा आरोहण गर्न आएको टोली थियो । जसले यसअघि पनि सगरमाथा चढ्ने प्रयास गर्दै आएका थिए , तर पछि इरिकका ठाउमा कर्णेल जोन हन्टलाई ल्याइयो । हन्ट ठाउठाउ डुलिहिँड्ने मानिस थिए । उनी आरोहीका रूपमा त्यति प्रसिद्ध थिएनन् । तर हन्ट कुशल संयोजक थिए । उनले आफ्नो आरोहण दलमा न्युजिल्यान्डका पर्वतारोहीहरु एडमन्ड हिलारी र जर्ज लोवेका साथ त्यसबेलाका चर्चित नेपाली पर्वतारोही तेञ्जिङलाई पनि समेटे । हन्टको समूहमा चार्ल्स इभान्स (हन्टपछिका समूह नेता), जर्ज बान्ड (समूहमा सबैभन्दा कान्छा २२ वर्षे आरोही), टम बौर्दिल्लोन, अल्फ ग्रेगोरी, विल्फ्रिड नोयस, डा. माइक वार्ड, माइकल वेस्टमाकोट र चार्ल्स वाइली थिए । समूहका अर्का सदस्य डा. ग्रिफिथ पघलाई आरोहीका लागि चिकित्सकका रूपमा लिइएको थियो । डा. पघले अघिल्लो वर्ष चोयु हिमाल आरोहणका बेला भौतिक पूर्वाधार जस्तै : आरोहीका लागि कपडा, पोषण, अक्सिजनको मात्रा (जति उचाइमा गयो, त्यसअनुसार अक्सिजन लिने काम निर्धारण गर्नुपर्ने भएकाले) का बारेमा हेरेका थिए । उनको यो काम संसारकै सबैभन्दा सर्वोच्च शिखर सगरमाथा आरोहण प्रयासको यस अभियानमा कम महत्वपूर्ण थिएन । समूहका अर्का सदस्य टम स्टोबार्ट आधिकारिक फिल्म निर्माताको रुपमा सहभागी भएका थिए । त्यसैगरी, जेम्स मोरिस चाहिँ बेलायती पत्रिका 'द टाइम्स अफ लन्डन'का समाचारदाता थिए । उनलाई सांकेतिक भाषा प्रयोग गरी आरोहणको समाचार बेलायतमा जारीरहेको महारानी एलिजावेथ द्वितीयाको राज्याभिषेक कार्यक्रमसम्म पुऱ्याउने जिम्मेवारी दिइएको थियो । सरगमाथा आरोहणको यस प्रयासलाई बेलायतको रोयल जोग्राफिकल सोसाइटी र ज्वाइन्ट हिमालयन कमिटी आफ द अल्पाइन क्लबले प्रायोजन गरेको थियो । यस आरोहण दलका सदस्यहरुले अक्सिजन, विशेष ढाँचामा निर्माण गरिएका जुत्ता तथा पोशाक अनि बोकेर हिँड्न मिल्ने रेडियोयन्त्रहरु प्रयोग गरेका थिए । आरोहणका लागि विभिन्न आधार शिविरहरु खडा गरिएका थिए । यसपटक जसरी भए पनि सगरमाथाको शिखर चुम्ने विश्वासका साथ शिखरतर्फ अगाडि बढेको उक्त ब्रिटिश टोलीका सदस्यहरुमध्ये चार्ल्स इभान्स र टम बौर्दिल्लोन २८ हजार ७ सय ५० फिटको उचाइमा मे २६ का दिन पुगे । अब सगरमाथा करीब ३०० फिट पर मात्र थियो । यो भनेको अघिल्लो वर्ष स्विस टोली सगरमाथाको सर्वोच्च क्षेत्रमा पुगेको स्थानभन्दा पनि अलि माथि थियो । यसरी यसअघिसम्म मान्छे पुगेको स्थानभन्दा अझै माथि पुग्न सक्नु नै उनीहरूका लागि एउटा ठूलो विजय अनि गर्वको कुरा थियो ।

यसपटक जसरी भए पनि सगरमाथाको शिखर चुम्ने विश्वासका साथ शिखरतर्फ अगाडि बढेको उक्त ब्रिटिश टोलीका सदस्यहरुमध्ये चार्ल्स इभान्स र टम बौर्दिल्लोन २८ हजार ७ सय ५० फिटको उचाइमा मे २६ का दिन पुगे । अब सगरमाथा करीब ३०० फिट पर मात्र थियो । यो भनेको अघिल्लो वर्ष स्विस टोली सगरमाथाको सर्वोच्च क्षेत्रमा पुगेको स्थानभन्दा पनि अलि माथि थियो । यसरी यसअघिसम्म मान्छे पुगेको स्थानभन्दा अझै माथि पुग्न सक्नु नै उनीहरूका लागि एउटा ठूलो विजय अनि गर्वको कुरा थियो ।

अब इभान्स र बोर्दिल्लोन सगरमाथाको शिखरतर्फ बढ्ने तरखरमा जुटे । तर दुर्भाग्यको कुरा, यी दुई पर्वतारोहीहरुले बोकेका अक्सिजनका सिलिण्डरमध्ये अक्सिजन उपलब्ध गराइरहेको एउटा संयन्त्रमा गडबडी आएपछि ठूलो समस्या आइपऱ्यो । त्यसपछि उनीहरुले आफ्नो आरोहण प्रयासलाई अघि बढाउन नसक्ने भए । त्यसैले, बडो दुःख मान्दै उनीहरुले आरोहण परित्याग गरे । चार्ल्स इभान्स र टम बौर्दिल्लोनले आरोहण त्यागेपछि त्यसै समूहबाट शिखरमा पुग्नसक्ने सक्षम आरोहीका रूपमा एडमन्ड हिलारी र तेञ्जिङ शेर्पाको नाम लिइयो । यी दुई साहसी पर्वतारोही सगरमाथा विजयको उत्साह बोकेर त्यस दिशामा अगाडि बढ्न जुर्मुराए । उनीहरुलाई जसरी भए पनि शिखरमा पुऱ्याइछाड्नका लागि 'साउथ कोल'भन्दा माथि २७ हजार ९ सय फिटमा एउटा शिविर खडा गरियो । मे २८ तारिखका दिन उज्यालो हुनुभन्दा पहिले शरीर तताउनेलगायतका तयारीहरु पूरा गरिए । शरीरमा पानीको कमी हुन नदिन प्रशस्त पानी पिउनु पर्ने भएकाले कुकरमा हिउँ पगालियो । तेङबोचेको गुम्बामा आरोहीका लागि लामाहरुले नियमित प्रार्थना गरे । बिहानको ६ बजेर ३० मिनेट जाँदा सबै तयारी पूरा गरी एडमन्ड हिलारी र तेञ्जिङ शेर्पा शिखरतर्फ लम्किए ।

ब्रिटिश आरोहण दलमा समावेश भएर सगरमाथा विजय अभियानमा सातौं पटक जुटेका तेन्जिङ र उनका साथमा रहेका न्यूजील्याण्डका पर्वतारोही अब सरगमाथाको शिखरमा पुगिछाड्ने दृढलक्ष्यका साथ, शिखरतर्फको दुरुह, कठीन र विकट यात्रामा अगाडि बढे । शिखरतर्फको यात्रा सुगम थिएन । आरोहण प्रयासको सबैभन्दा कठीन र चुनौतीपूर्ण क्षण त अब आइपुगेको थियो । तर तेन्जिङले पर्वतारोहणको खतरा तथा त्यससँग आफूलाई कसरी समन्वय गर्नुपर्छ भन्ने कुरा राम्ररी बुझेका थिए । पर्वतारोहणको क्रममा आउने समस्याहरुलाई जबर्जस्ती मिच्न खोज्ने हैन, त्यसलाई सम्मान गरेर त्यसबाट पन्छिने तथा पर्खिने बाटो र उपायहरु उनलाई राम्ररी थाहा थियो । विशेष गरी, पर्वतारोहण गर्दा कुन बेला के गर्नुपर्छ भन्ने कला, निर्णय लिने क्षमता तथा नेतृत्व गर्ने तरिकाको बारेमा उनलाई राम्रो ज्ञान थियो । तेन्जिङसँगै सगरमाथा आरोहण गरेका सर एडमण्ड हिलारीले भनेक छन्- 'तेन्जिङ अत्यन्तै कुशल पर्वतारोही हुन् र उनी सदैव अन्य पर्वतारोहीहरुका लागि उत्साह र आदर्शका स्रोत रहनेछन् ।'

पर्वतारोहणको क्रममा आउने समस्याहरुलाई जबर्जस्ती मिच्न खोज्ने हैन, त्यसलाई सम्मान गरेर त्यसबाट पन्छिने तथा पर्खिने बाटो र उपायहरु उनलाई राम्ररी थाहा थियो । विशेष गरी, पर्वतारोहण गर्दा कुन बेला के गर्नुपर्छ भन्ने कला, निर्णय लिने क्षमता तथा नेतृत्व गर्ने तरिकाको बारेमा उनलाई राम्रो ज्ञान थियो । तेन्जिङसँगै

बाँकी पृष्ठ ४ मा

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

कोरोना समुदायमा फैलिँदै

# स्वास्थ्यमन्त्री र सचिव नै असंवेदनशील



–कमला गुरुङ

काठमाडौं । कोरोना संक्रमितको संख्या घटेको भन्दै सरकारले साउन ७ गतेदेखि लकडाउन अन्त्य गऱ्यो । त्यही दिनदेखि हालसम्म नेपालमा १ हजार ५ सय ५३ जनामा कोरोना भेटिएको छ । यही अवधिमा पिसिआर परीक्षणको दायरा बढ्नुको साटो उल्टै घटिरहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार गएको ९ दिनमा ४० हजार ८ सय ४ जनाको मात्र पिसिआर परीक्षण भएको छ । पछिल्लो दुई दिनमा करिब ६ हजारको पिसिआर परीक्षण भए पनि बाँकी दिनमा ३ हजार आसपास मात्रै पिसिआर परीक्षण भएका छन् । दैनिक १० हजारको पिसिआर परीक्षण गर्ने उद्घोष गरेको मन्त्रालयले नै अहिले परीक्षण संख्या घटाउँदैछ । संक्रमितको संख्या बढ्दै गए पनि स्वास्थ्य मन्त्रालयको नेतृत्व भने संवेदनशील दैखिँदैन । मन्त्रालयको मुख्य नेतृत्वमा रहेकाहरु उल्टै हास्यास्पद र गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिइरहेका छन् ।

स्वास्थ्यमन्त्री भानुभक्त ढकालले सरकारको काम नदेख्नेलाई मोतिबिन्दु र स्वास्थ्य सचिव लक्ष्मण अर्यालले परीक्षणको दायरा बढाउन हुँदैन भन्ने अभिव्यक्ति दिनुले पनि उनीहरुको गैरजिम्मेवारीपनको झल्को दिन्छ । आफ्नै अभिव्यक्तिका कारण मन्त्री ढकाल र सचिव अर्याल अहिले आलोचित समेत भइरहेका छन् । उनीहरुको अभिव्यक्तिमा कोरोना महामारी नियन्त्रणमा स्वास्थ्य मन्त्रालयको असंवेदनशीलता प्रष्ट देखिन्छ । विपदको यो समयमा सबैभन्दा बढी सक्रिय हुनुपर्ने निकाय नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हो । तर यही मन्त्रालयका प्रमुख नेतृत्वकर्ता स्वास्थ्यमन्त्री ढकाल र सचिव अर्याल नै गैरजिम्मेवार अभिव्यक्ति दिँदै हिँडिरहेका छन् ।

स्वास्थ्यका विज्ञहरुले पनि स्वास्थ्य मन्त्रालयको काम र उनीहरुको अभिव्यक्तिको चर्को आलोचना गरिरहेका छन् । भन्छन्, 'मन्त्रालयको नेतृत्वको कमजोरीका कारण कोरोना नियन्त्रण बाहिर गएको छ ।'

**कोरोना नियन्त्रणमा मन्त्रालयको नेतृत्व कमजोर देखिन्छ : डा किरण रेग्मी**

पूर्वस्वास्थ्य सचिव डा किरण रेग्मी कोरोना नियन्त्रणमा मन्त्रालयको नेतृत्व चुकेको बताउँछिन् । मन्त्रालय गम्भीर भएर अघि बढ्नु पर्नेमा धेरै कमी कमजोरी देखिएको उनले बताइन् । 'नेपालमा पहिलो संक्रमित देखिने बित्तिकै तयारी प्रभावकारी रुपमा अघि बढाउनुपर्ने थियो । तर त्यसो भएन । यहाँ नेतृत्वको कमजोरी देखिन्छ,' उनले भनिन् । कोरोनाको जोखिम र संख्या बढिरहेका बेला





मन्त्रालयले परीक्षणको दायरा घटाएको उनले बताइन् । परीक्षणको दायरा घटेकाले संक्रमितको संख्या पनि कम देखिएको उनको भनाइ छ । जनतालाई स्वास्थ्य मन्त्रालयले झुक्याउने काम गरेको उनले बताइन् । उनी भन्छिन्, 'परीक्षणको दायरा अहिले कम गरेपछि संक्रमितको संख्या पनि कम देखिएको छ । मन्त्रालयले जनतालाई झुक्याएको पो हो की ?' कोरोना समुदायस्तरमा फैलिएको उनको आशंका छ । परीक्षणको दायरा बढाउनुपर्नेमा मन्त्रालयले झन् घटाउँदा भोलिको दिनमा समस्या भयावह हुनसक्ने उनले बताइन् । कोरोना समुदायस्तरमा फैलिएको हो की भन्ने ठुलो डर छ । रेग्मीले भनिन्, यस्तो बेलामा परीक्षणको दायरा बढाउनुपर्ने हो, तर उल्टै घटिरहेको छ । उनका अनुसार मन्त्रालयको नेतृत्वले परीक्षणको दायरा बढाउनुपर्ने, जोखिम क्षेत्रमा बढी पिसिआर गर्नुपर्ने, क्वारेन्टाइनलाई व्यवस्थित गर्नुपर्ने, कन्ट्र्याक ट्रेसिङको काम प्रभावकारी रुपमा गर्नुपर्ने, प्रत्येक प्रदेशमा विज्ञ सहितको टोली गठन गर्नुपर्ने थियो। उल्टै गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिँदै हिडेको उनको भनाइ छ ।

**विज्ञहरु कराउँछन् तर मन्त्रालयको कानमा पुगेकै छैन : डा यशोवर्धन प्रधान**

स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक डा यशोवर्धन प्रधानले स्वास्थ्य मन्त्रालय कानमा तेह हालेर बसेको बताउँछन् । स्वास्थ्य मन्त्रालय तथा यसका नेतृत्व जति संवेदनशील हुनुपर्ने हो, त्यसो नभएको उनले बताए । उनी भन्छन्, 'कोरोनाको जोखिम बढ्दो छ। मन्त्रालयको नेतृत्व कानमा तेल हालेर बसेको छ । विज्ञहरुले सबैले परीक्षणको दायरा बढाउनुपर्ने बताउँदै आएका छन् । तर उनीहरुको कानसम्म यो कुरा पुगेकै छैन ।' पहिले भारतबाट आउने व्यक्तिबाट कोरोना सरे पनि अहिले समुदाय भित्रैबाट कोरोना सरेको उनले बताए । संक्रमितमा लक्षण देखिनु, मृत्युदर बढ्नु, समुदाय भित्रैबाट कोरोना सर्नुले अवस्था भयावह हुनेमा उनको चिन्ता छ । यस्तो बेला परीक्षणको दायरा बढाउनुपर्नेमा मन्त्रालयले झन् घटाउँदै लगेकोमा उनले आक्रोश अनि चिन्ता ब्यक्त गरे । डा प्रधानले भने, 'पहिले भारतबाट आएको व्यक्तिमा कोरोना थियो । अहिले समुदाय भित्रैबाट कोरोना सरेको छ । पहिले संक्रमितमा लक्षण देखिएको थिएन । अहिले लक्षण देखिन थालेको छ । पहिले मृत्युदर कम थियो तर अहिले बढ्दै गएको छ । यस्तो बेला झन् परीक्षण घटाउनु जोखिमपूर्ण हुन्छ ।' स्वास्थ्य मन्त्रालय र यसको नेतृत्व गम्भीर हुनुको साटो हास्यास्पद अभिव्यक्ति दिँदै हिँडेको उनले बताए । उनी भन्छन्, ' यदि यो साँचो हो भने मन्त्री र सचिवले दिएको अभिव्यक्ति निकै हास्यास्पद, केटाकेटीपन र दुर्भाग्यपूर्ण छ ।'

**प्लेन उडाउने क्याप्टेन नै भएन : डा बाबुराम मरासिनी**

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा बाबुराम मरासिनी स्वास्थ्य मन्त्रालयले कोरोना नियन्त्रणमा धेरै कमजोरी गरेको बताउँछन् । सरकारले परीक्षण, कन्ट्र्याक्ट ट्रेसिङ र क्वारेन्टाइनलाई व्यवस्थित गर्नुपर्नेमा त्यसो गर्न नसकेको उनले बताए । मन्त्रालयको यो सबैभन्दा ठूलो कमजोरी भएको उनको भनाइ छ । सरकारले यी सब कुरालाई व्यवस्थित गर्न नसक्दा नै संक्रमितको संख्या बढ्दै गएको उनी बताउँछन् । मन्त्रालयले गर्नुपर्ने सबै काम प्रदेश र स्थानीय सरकारले गरेको उनको भनाइ छ । डा मरासिनीले भने, 'कन्ट्र्याक्ट ट्रेसिङ राम्रोसँग हुन सकेन । क्वारेन्टाइन व्यवस्थित भएन । कोही त्यत्तिकै भागे । सबैको परीक्षण नगरी घर पठाइयो । यस्तो गर्न हुन्नथ्यो । यो मन्त्रालयको कमजोरी हो ।' मन्त्रालयले आरडिटीमा ठूलो रकम खर्च गरे पनि त्यसबाट कुनै उपलब्धि नभएको उनले बताए । उनका अनुसार मन्त्रालयका नेतृत्वले कोरोना रोकथाम तथा नियन्त्रण अधिकारी नियुक्त गर्नुपर्ने थियो र सबै जिम्मा उनीहरुलाई दिनुपर्थ्यो । उनी भन्छन्, 'प्लेन छ तर प्लेनलाई उडाउने क्याप्टेन चाहिँदैन र ? यहाँ पनि भएको त्यही हो । सही क्याप्टेन नभएपछि जसलाई जे लाग्छ, त्यही निर्णय भएको छ ।' कसैलाई पूर्ण जिम्मेवारी नदिएसम्म कोरोना नियन्त्रण गर्न समस्या हुने उनको भनाइ छ ।

# तोकियो निजी क्षेत्रले लिने कोरोना भाइरस परीक्षण शुल्क



काठमाडौँ । निजी अस्पतालले कोरोना भाइरस रोगको उपचार गरेबापत शुल्क तोकिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पतालले कोरोना उपचार गराए बापतको रकम तोकेको हो । सङ्क्रमित व्यक्ति र अस्पतालको समेत सहमतिमा उपचार गर्न चाहेको खण्डमा मन्त्रालयले तहगत रूपमा दररेट तोकेको हो ।

तह एक, दुई र तीन गरी मन्त्रालयले प्रतिदिन लिन पाउने शुल्क तोकेको हो ।

मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले सङ्क्रमित व्यक्ति र अस्पतालको सहमतिमा तह एक, दुई र तीन श्रेणीको अस्पताल तोकेर सङ्क्रमित व्यक्ति सामान्य अवस्थामा भए प्रतिदिन तीन हजार पाँच सय, मध्यम खालको अवस्थामा सात हजार र जटिल अवस्था भए १५ हजारसम्म रुपियाँ लिन पाउने गरी शुल्क तोकिएको जनाएका छन ।

कोरोना उपचारका लागि सूचीकृत नभएका तर शङ्कास्पद बिरामीको पीसीआर जाँच गर्नुपर्ने अवस्था भएमा सम्बन्धित अस्पतालले १० प्रतिशत नबढ्ने गरी शुल्क लिन पाउने निणर्य गरेको जानकारी उनले दिए ।

# पीएसजीलाई सिजनको तेस्रो उपाधि




–एजेन्सी

पेरिस सेन्ट जर्मेन (पीएसजी) सिजनको तेस्रो उपाधि उचालेको छ । शुक्रबार राति फ्रेन्च लिग कपको फाइनलमा लियोनलाई पराजित गर्दै पीएसजीले सिजनको तेस्रो उपाधि जितेको हो । निर्धारित समयमा खेल गोलरहित बराबरीमा रोकिएपछि खेल अतिरिक्त समयमा लम्बिएको थियो । अतिरिक्त समयमा पनि दुबै टोलीबाट कुनै गोल नहुँदा खेल गोलरहित बराबरीमा सकिएको थियो ।

त्यसपछी खेलको निर्णय पेनाल्टी सुटआउटमा पुगेको थियो र पेनाल्टीमा पीएसजीले बाजी मार्‍यो । सडनडेथमा पीएसजीले लियोनलाई ६(५ ले पराजित गर्दै च्याम्पियन बनेको हो । फ्रेन्च लिग कपको उपाधि पीएसजीले यो नवौं पाटक जितेको हो । यसअघि अतिरिक्त समयको अन्तिम मिनेटमा लियोन १० खेलाडीमा समेटिएको थियो । खेलको ११९औं मिनेटमा एन्जल डि मारियामाथि फल गरेपछि रेफ्रीले लियोनका राफयललाई सिधै रातो कार्ड देखाउँदै मैदानबाट बाहिर पठाएका थिए ।

पीएसजीले यसअघि फ्रेन्च लिग वान र कप डि फ्रान्सको उपाधि जितेको थियो । त्यस्तै सिजनको तेस्रो उपाधिको रुपमा फ्रेन्च लिग कप जितेसँगै अब पीएसजीले च्याम्पियन्स लिगमा प्रतिस्पर्धा गर्दैछ । पीएसजीले च्याम्पियन्स लिगको क्वाटरफाइनलमा इटालियन क्लब एटलान्टाको सामना गर्दैछ ।



गौरादह नगरपालिकाको कार्यालय
गौरादह, झापा

## सूचना सर्वसाधारण निमुखाका लागि मात्र हो ?



भद्रपुर । यो तस्विर २०७७ साउन १५ गते किचकबधमा पार्क उद्घाटन गर्दै गर्दाको हो । तस्बिरमा देखिनु भएका ब्यक्ति प्रदेश एकका प्रदेश सभासद बसन्त बानिया, भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ, उपमेयर चन्द्रा श्रेष्ठ लगायत रहेका छन् ।

तस्बिरमा सामाजिक दूरी, कायम नभएको, मास्क प्रयोग नगरिएको प्रष्ट देखिन्छ । समाजका अगुवाले बाटो बिराए अरु सर्वसाधरणले के गर्लान ? २०७७ साउन १४ गते जिल्ला प्रशासनकार्यालय झापाले जारी गरेको सूचना बमोजिम वहाँहरुलाइ जरिवाना हुन्छ ? कि उक्त सूचना सर्वसाधारण निमुखाका लागि मात्र हो ?

सरकारी नेतृत्व लिएकाहरूले नीति नियम नमान्ने हो भने सर्वसाधारण बिरूद्ध कानुनी लाठी किन हान्ने प्रश्न उठेको छ ।






हल्दिबारी गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा



कचनकवल गाउँपालिकाको कार्यालय
बनियानी, झापा

### दलहरुमा आर्थिक पारदर्शिता नहुँदा

# दलीय व्यवस्थापन र प्रणालीमा समस्या



काठमाडौं । निर्वाचन आयोगले राजनीतिक दलहरुमा आर्थिक पारदर्शिता नहुँदा दलीय व्यवस्थापन र प्रणालीमा समस्या भएको बताएको छ । राजनीतिक दलहरुले हरेक वर्षको लेखापरीक्षण प्रतिवेदन आयोगमा पेश गर्नुपर्ने कानून भएपनि न्यूनतम शर्तहरु समेत पालना नगर्दा दलीय व्यवस्थापन र प्रणालीमा समस्या भएको आयोगले बताएको हो । संसदको राज्य व्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले राजनीतिक दलहरुले न्यूनतम कानून पनि पालना गर्न नसक्ने र आयोगले ध्यानाकर्षण बाहेक कारवाही पनि गर्न नसक्ने कारण दलीय व्यवस्थापन र प्रणालीमा समस्या भएको बताए ।

राजनीतिक दलहरु परिपक्व हुन नसकेको उल्लेख गर्दै उनले भने, " प्रत्येक दलहरुले आर्थिक वर्ष सकिएपछि वार्षिक विवरण पठाउनुपर्ने हुन्छ । आजसम्म १ सय ३१ वटा दलहरु दर्ता भएका छन् । कुनै पनि वर्ष बढीमा ७० भन्दा बढी दलले विवरण बुझाएका छैनन । कानूनले तोकेको न्यूनतम शर्तपनि पुरा नगर्दा र पुरा नगर्ने दललाई 'गरेनौं छौं राम्रै भयो' भन्न बाहेक केही भन्न नसक्दा दलिय व्यवस्थापन र प्रणालीमा समस्या भएका छ प्रमुख आयुक्त थपलियाले निर्वाचनको समयमा आचारसंहिता पालना गराउन पनि समस्या भएको बताएका छन् । मतदान हुनु ४८ घण्टा अगाडीबाट कुनै पनि माध्यमबाट प्रचार प्रसार गर्न नपाइने भएपनि सामाजिक सञ्जालको माध्यमबाट हुने प्रचार प्रसारलाई रोक्न चुनौती रहेको उनले बताए । सामाजिक सञ्जाल, एसएमएसबाट पछिल्लो समय उम्मेदवारले अनावश्यक आश्वासन बाँड्ने गरेको पाइएको उनले बताए । प्रचार प्रसारका क्रममा खर्च गर्न पाउने सीमाका विषयमा समेत उम्मेदवार अनुसार फरक फरक धारणा आउने गरेको उनले बताए । प्रमुख आयुक्त थपलियाले आउँदो संसद बैठकबाट एकीकृत निर्वाचन कानून अगाडि नबढे ५० प्रतिशत काम गर्ने उत्साह कम हुने खतरा रहेको बताए । निर्वाचनको मुखैमा ऐन ल्याएर सुधार गर्न नसकिने बताए ।

निर्वाचन आयोगले गत आर्थिक वर्षमा ५ लाख ७६ हजार ९ सय ३७ नयाँ मतदाता थपिएको बताएको छ । समितिमा आयोगको वार्षिक प्रतिदेनमाथिको छलफलमा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार २ लाख ७५ हजार ३ सय ४ मतदाताको विवरण अद्यावधिक भएको छ । सो आर्थिक वर्षमा ५ वटा राजनीतिक दलहरु दर्ता भएका छन् । जम्मा १ सय ३१ दलमध्ये ५४ दलले मात्रै आफ्नो वार्षि खर्च विवरण पेश गरेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा आयोगको कुल बेरुजु ५० करोड, ९५ लाख ९० हजार रहेको छ । यस्तै फछ्र्यौट बेरुजु २२ करोड ९२ लाख ४६ हजार रहेको आयोगले जनाएको छ ।

# बकर इदमा घरमै बसेर नमाज पढ्न आग्रह



झापा । इस्लाम धर्मावलम्बीले आज बकर इद (इदु उल अजहा) मनाउँदै छन् । बकर इद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो ।

रमजान पर्वको ७० औं दिनमा मनाउने यो पर्वमा आर्थिकरुपमा सबल मानिस हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन् । यस पर्वमा अल्लालाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिने गर्दछन् ।

धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेशलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यतालाई अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको पाइएको छ ।

निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मनन्नत मागेका थिए र भनेका थिए यदि अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु ।

सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नु पर्छभन्दा उनले धेरै जनावर कुर्बानी त गरे तर अल्लााह खुशी भएको थिएन । अन्तिममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए ।

यस घडीमा उहाँको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो ।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई एक आफ्ना आफ्ना इष्टमित्रलाई र अर्को भाग आफू खानुपर्ने धार्मिक मान्यता छ । शनिबार पर्व मनाउनका लागि मुसलमानले सबै किसिमका तयारीमा जुटेका छन् ।

कोरोना भाइरसको जोखिम फैलनसक्ने भन्दै मुस्लिम आयोगले घरमै बसेर नमाज पढी इल उल अज्हा (इद) मनाउन आग्रह गरेको छ । आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कोरोना भाइरस अझै नियन्त्रणमा आइनसकेकाले आफ्नै घर तथा आवासमा बसेर इद मनाउन आग्रह गरेका हुन् ।

इद संयमता, धैर्यता, विश्वशान्ति र भाइचाराको सन्देश दिने चाड भएको उल्लेख गर्दै आयोगले विश्वभर रहेका मुस्लिम समुदायले मनाउने यस पर्व यसपटक सुरक्षित भएर घरमै बसेर मनाउन अनुरोध गरिएको हो । कोरोनाका कारण लामो समयदेखि सामाजिक दूरी कायम गरी साविकदेखि नै दैनिकरुपमा मस्जिदमा पाँच जनाले मात्रै नमाज पढ्दै आएका छन् ।

इद उल अज्हाको नमाज पनि पाँच जनासम्मले मस्जिदमा पढ्न पाउने व्यवस्था गरिएको छ । आयोगले कोरोना भाइरस नियन्त्रणका लागि मुस्लिम समुदायले देखाएको सद्भाव र सहयोगप्रति कृतज्ञता प्रकट गरेको छ ।

# महन्तद्वारा प्रधानमन्त्री ओलीले दिएको अभिव्यक्तिको खण्डन



जनकपुर । जनकपुरधामस्थित जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले प्रधानमन्त्री केपी शर्मा ओलीले रामको जन्मस्थानबारे दिएको अभिव्यक्तिको खण्डन गरेका छन् । वैष्णवले कुनै व्यक्ति विशेषले चाहँदैमा सामाजिक, सांस्कृतिक र मौलिक परम्परामाथि हस्तक्षेप गर्न नसक्ने बताए वैष्णवले प्रधानमन्त्री ओलीको नाम नलिइकनै उनीतर्फ ईंगित गर्दै भने- 'कुनै व्यक्ति विशेषले चाहँदैंमा सामाजिक, सांस्कृतिक र मौलिक परम्पराको इतिहासमाथि हस्तक्षेप गर्न सक्दैन । सांस्कतिक र धार्मिक परम्पराअनुसार नै सिताको घर जनकपुरधाम हो र रामको घर भारतको अयोध्या नै हो ।'

प्रधानमन्त्री ओलीले केही दिनअघि पर्साको ठोरीको अयोध्यापुरीमा रामको जन्म भएको दावी गरेपछि विभिन्न टिकाटिप्पणीहरु भैरहेका छन् । यहिबेला जनकपुरधामस्थित जानकी मन्दिरले अगस्त ४ मा भारतको अयोध्यामा हुन लागेको रामको घर शिलान्यासका लागि विशेष ईटा लैजाने तयारी थालेको छ । प्रधानमन्त्री ओलीले दिएको अभिव्यक्तिप्रति धर्मावलम्बी तथा साधुसन्तहरु समेत ऋुद्ध बनेका छन् । यसलाई अध्यात्मप्रतिको सरकारी हस्तक्षेप भन्दै उनीहरुले आलोचना गरिरहेका छन् । बैष्णवले प्रधानमन्त्री ओलीको आलोचना गर्ने नाममा धर्म सांस्कृतिविरुद्ध गलत सन्देश प्रवाह भइरहेकोले यसप्रति सजग रहन समेत सबैलाई आगह गरेका छन् । उनले जनकपुरधाम-अयोध्याको प्रगाढ सम्बन्धको इतिहास कसैले मेटाउन नसक्ने दाबी गर्दै त्यसको लागि कुनैपनि सरकारले जस्तो कदम चालेपनि अध्यात्मको रक्षाको सवालमा हामीबीचको अटुट सम्बन्धनै रहने बताए ।

भारतको उत्तर प्रदेशस्थित अयोध्यामा राम मन्दिर निर्माण हुन लागेकोमा खुशी व्यक्त गर्दै उनले ५ अगस्त अर्थात श्रावण २१ गते दिपावली मनाउन जनकपुरधामवासीलाई विशेष आग्रह समेत गरे । त्यो दिन घर-घरमा रामस्तुति र भजन किर्तन गर्न समेत उनले समस्त मिथिलावासीलाई आह्वान गरे उनले कोरोना महामारीका कारण अयोध्यामा राममन्दिर शिलान्यास र भूमी पूजनको अवसरमा जानकी मन्दिरको प्रतिनिधि भने सहभागी हुन नसक्ने बताए । महन्तदासले भने- ' कोरोना महामारीको कारण आफूहरु भूमि पूजनमा सहभागी नभएपनि म अवधवासीलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु ।' उनले लकडाउन खुकुलो भएपछि मिथिलावासीको तर्फबाट मिथिला-अवध यात्रा निकालिने र त्यसबेला जनकपुरबाट सयौंको संख्यामा अयोध्यास्थित मन्दिर निर्माणस्थलमा विशेष ईटा थप्ने कार्यमा सरिक हुने समेत स्पष्ट पारे । उनले काशीको सरयुग घाटमा उत्तर प्रदेश सरकारले निर्माण गर्न लागेको भगवान रामको ऐतिहासिक प्रतिमाका साथमा सीताको पनि प्रतिमा राख्न पुनः भारतलाई आग्रह गरे । सीता बिनाको रामको परिकल्पासमेत गर्न नसक्ने भन्दै उनले सीता र राम एकसाथ हुनुपर्नेमा जोड दिए । आफूहरुले अयोध्याका विभिन्न साधुसन्त र महन्तलाई राम-सीताको प्रतिमूर्ति एकसाथ निर्माण गर्न बरम्बार ध्यानाकर्षण गराउदैं आएको समेत स्पष्ट पारे ।

# किच्चकबधमा निर्मित पार्क सञ्चालनमा



भद्रपुर । भद्रपुर नगरपालिका वडा नम्बर २ र ३ मा अवस्थित धार्मिक, एतिहासिक, पुरात्वतिक एवम् पर्यटकिय क्षेत्र किच्चकवधमा पार्कको उद्धाटन गरिएको छ । झापा क्षेत्र नम्बर ३ का प्रदेशसभा सदस्य बसन्त बानियाँले एक समारोहका बीच पार्कको उद्धाटन गरेका हुन् । २०७६ चैत १० गते शिलान्यास गरिएको पार्कको निर्माण कार्य सम्पन भएपछि उद्धाटन गरिएको हो । सो पार्कमा फनपार्क, चिल्ड्रेन पार्क, विद्युतिय रेल, आधुनिक शौचालय, पर्यटकहरुका लागि पवित्र पैदल मार्ग निर्माण गरिएको छ । गत आर्थिक वर्षमा प्रदेश सरकारबाट विनियोजित ८५ लाख रुपैयाँको बजेटबाट पार्क निर्माण कार्य सम्पन्न गरिएको निर्माण समितिले जनाएको छ ।

किच्चकवध संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेको अध्यक्षतामा आज विशेष कार्यक्रम गरी पार्कको उद्धाटन गरिएको हो । सो कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ, उपप्रमुख चन्द्रा श्रेष्ठ, नेकपा नेता असारु राजवंशी, कार्यपालिका सदस्य कौशल्या अधिकारी, वडा अध्यक्षहरु एवम् स्थानीयबासीको सहभागिता रहेको थियो ।

# फुटवलको विकासमा दत्तचित्त जलकुमार गुरुङ्ग




–राजेन्द्र गौतम

बिर्तामोड । 'अब फुटबल खेल्ने मात्र होइन पढ्ने हो,' झापा फुटबल क्लब ११ का अध्यक्ष जलकुमार गुरुङले प्रस्ट्याए,'हिजो खेतबारीमा फुटबल खेलियो, अब त्यसरी हुँदैन, फुटबलको विकासका लागि नियमित अभ्यास गर्नुपर्छ, एकेडेमीमै बसेर सिक्नुपर्छ ।' झापामा ५ करोड खर्चेर फुटबल प्रशिक्षण प्रतिष्ठान (एकेडेमी) बनाउन जुटेका उनले नेपालमा फुटबल खेल्ने कला परम्परागत शैलीको रहेकाले त्यसमा परिवर्तन जरुरी भएको बताए । 'अहिलेको जमाना मोर्डन फुटबलको हो,' गुरुङले भने, 'हाम्रो जस्तो खेलले केही हुँदैन, यसमा परिवर्तन गर्नैपर्छ, त्यही सोचेर एकेडेमीको अवधारणा अघि सारिएको हो ।'

प्रशिक्षण प्रतिष्ठान सञ्चालन गर्न लामो समयदेखिको योजनाले सार्थकता पाउनेमा आफू विश्वस्त भएको उनले सुनाए । एकेडेमी सञ्चालनका लागि स्थान तय भइसकेको छ । इन्जिनियर र प्राविधिकले कामको तयारी गरिरहेका छन् । भौतिक पूर्वाधारको तयारीमा ५ करोड रुपैयाँ खर्च हुने अनुमान सुनाएका अध्यक्ष गुरुङले त्यो ठूलो रकम नभएको र सहज रूपमा जुट्ने बताए । 'झापा ११ का सदस्य नै धेरै हुनुहुन्छ,' गुरुङले भने, 'विदेशमा पनि झापा ११ को महत्व उत्तिकै छ ।' एकेडेमी सञ्चालनका लागि प्रशिक्षक, खेलाडी तथा प्राविधिकसँगको परामर्श पछि कसरी अघि जाने भन्ने विषयमा पनि आन्तरिक छलफल भइरहेको उनले जनाए । डोमालाल रजवंशी रंगशालाकै नजिक सञ्चालन हुने एकेडेमीका लागि चारवटा खेल मैदान, भवन, कार्यालय निर्माण त्यही आसपासमा नै गरिनेछ । आफ्नै खेलाडी उत्पादन गर्ने उद्देश्य एकेडेमीले राखेको छ । खेताला बोलाएको जस्तो गरेर खेलाडी ल्याउने र खेलाउने संस्कारले फुटबल विकास निरर्थक हुने उनको बुझाइ छ ।

एकेडेमीको मुख्य प्रशिक्षकमा युगलकिशोर राई र प्रवेश कटुवालले प्रशिक्षक भूमिका निर्वाह गरिरहेका छन् । चैतसम्म २५ जना खेलाडीलाई क्लोज क्याम्पमा राखेर प्रशिक्षण थालिएको थियो । तर कोरोनाका कारण अहिले खेलाडी त्यहाँ छैनन् । सहज हुनेबित्तिकै ती खेलाडीलाई प्रशिक्षणमा राख्ने उनले बताए । लामो गृहकार्यपछि एकेडेमी सञ्चालन तयारीमा जुटेको बताउने उनी झापा ११ अनगोइङ प्रकृतिको क्लब भएको दाबी गर्छन् । झापा ११ ले अहिले डोमालाल रंगशालाको सरसफाइ सुरु गरेको छ । फुटबल खेलका लागि ५।१० वर्ष उमेर समूहमा बालबालिकालाई प्रशिक्षण दिने, आफ्नै टेक्निक र ट्र्याक्टिस प्रयोग गर्न सकेमात्रै प्रतियोगिता जिल्न सकिने उनले बताए । उनले भने, 'झापा ११ को अवधारणा हायरिङ गरेको खेलाडीले खेल जितेर प्रगति हुँदैन भन्ने नै हो ।' सरकार र एन्फालगायतका जिम्मेवार निकाय फुटबलको विकासमा दत्तचित्त नभएको बताउने गुरुङले आफ्नै बलबुतामा झापालाई ब्रान्ड बनाउने योजना सुनाए ।

आफ्नो ठाउँको फुटबल विकासका लागि आफैं लाग्नुपर्ने बताएका उनले झापा फुटबलको हब हुने दाबी गरे । उनले झापामात्रै होइन देशभर एकेडेमी खुले मात्रै फुटबलको विकास सम्भव हुने निष्कर्ष सुनाए । हेरौं हेरौं जस्तो खेल मैदान र विदेशी बालबच्चाको जस्तो फुटबलप्रतिको भावना विकास गराउन सकियो भने मात्रै प्रगति हुने सम्भावना देखेका उनले नेपाली फुटबल वादविवादमा अल्झेकै कारण अगाडि नबढेको मत राखे । भने, ' फुटबल विकासका लागि मन पनि मिल्नुपर्छ ।'

### राप्रपाका स्थापक सूर्यबहादुर थापाका छोरा

# सुनिल बहादुर थापा विधिवत नेपाली कंग्रेसमा प्रवेश



काठमाडौ । राप्रपाका संस्थापक अध्यक्ष सूर्यबहादुर थापाका छोरा सुनिल बहादुर थापा राप्रपा छोडेर विधिवत कांग्रेस प्रवेश गरेका छन् । थापालाई सभापति शेरबहादुर देउवाले कांग्रेस केन्द्रीय कार्यालय सानेपामा एक कार्यक्रमबीच स्वागत गरेका हुन् । पूर्वमन्त्रीसमेत रहेका थापासहित ५० जना राप्रपाका नेता तथा कार्यकर्ताहरु कांग्रेसमा प्रवेश गरेका हुन् । थापासँगै राप्रपाका ९० भन्दा धेरै नेता तथा कार्यकर्ता कांग्रेस प्रवेश गरेका छन् । थापाले आफू कांग्रेसमा प्रवेश गर्दा महामन्त्री र केही केन्द्रीय सदस्य पाउनुपर्ने माग गरेका थिए । महामन्त्री दिने विषयमा पार्टीभित्र चर्को आलोचना भएपछि देउवाले महामन्त्री दिन नसक्ने र सहमहामन्त्री दिन सक्ने बताएका थिए । अन्ततः थापाले देउवाको प्रस्ताव स्वीकार्दै सहमहामन्त्री पद लिएर कांग्रेस प्रवेश गरेका हुन् । यद्यपि आजको पार्टी प्रवेश कार्यक्रममा पदीय जिम्मेवारी भने नदिइएको थापाका सहयोगकी अरुण शर्माले थाहाखबरलाई जानकारी दिए । थापा कांग्रेस प्रवेश गर्ने हल्ला गत वर्षको माघमै चलेको थियो । यो बीचमा सभापति देउवाले पार्टी उपसभापति विमलेन्द्र निधिलाई थापासँग छलफलको जिम्मा दिएका थिए । राप्रपा एकतासँगै थापालगायत उनको समूह असन्तुष्ट थिए । थापाले राप्रपामा गणतन्त्रका पक्षमा आवाज उठाउँदै आएका थिए । थापासहित ३१ नेताले शनिबार संयुक्त रूपमा राप्रपामा राजीनामा दिएका थिए ।

# लिम्बुवान,नेकपा,राप्रपा त्यागेर काङ्ग्रेसमा प्रवेश



विर्तामोड । बिर्तामोड नगरपालिका वडा नम्बर १० मा विभिन्न पार्टी परित्याग गरि ५२ जना नेता तथा कार्यकर्ताहरु नेपाली काङ्ग्रेसमा प्रवेश गरेका छन् । कांग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाको ३८ औ स्मृति दिवसका अवसर पारेर आज एक कार्यक्रमका वीच उनीहरु काङ्ग्रेसमा प्रवेश गरेका हुन् । उनीहरुलाई काङ्ग्रेस झापाका सभापति उद्धब थापा , महासमिति सदस्य देउमान थेबे लगायत नेताले

बाँकी पृष्ठ ४ मा

आउनु होस ! आउनु होस् !!
आफै श्रमिक आफै मालिक बन्ने अवसर नगुमाउनु होस् । अब तपाईहरुकै घर दैलोमा कृषिमा नयाँ क्रान्ति ल्याएको छ । पहिलो पाईला बहुउद्देश्यीय सहकारी संस्था लि., भद्रपुर, झापाले कृषिमा यान्त्रिकीकरण तथा आधुनिकिकरण अब तपाईहरुकै लागि । कृषि श्रमिक नपाउने झन्झटबाट आजै मुक्त हुनुहोस् ।

संस्थाबाट प्राप्त हुने सेवाहरु
- गहुँ, मकै, तोरी, पराल बटार्ने मेशिन, धान रोप्ने, गोड्ने काट्ने मेशिन लगायतको खेत जोत्ने ट्याक्टरहरु समेत सदैव उपलब्ध ।
- प्रत्येक ५ विगाहाको ब्लकमा आवश्यक यन्त्रहरुको उपयोग गर्नका राम्रो व्यवस्था छ ।

सम्पर्क
पहिलो पाईला बहुउद्देश्यीय सहकारी संस्था लि.
भद्रपुर, झापा
फोन नं. : ०२३-४५५९७०
Email : pahilopahila@gmail.com

# धनकुटा राप्रपाविहीन राप्रपाका सबै नेता कार्यकर्ता कांग्रेसमा प्रवेश



काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) परित्याग गरेका सुनिलबहादुर थापासहित ३१ नेताले १३ गते (मंगलबार) नेपाली काँग्रेस प्रवेश गर्दैछन् । राप्रपाका अन्य ३० जना नेतासहित पार्टी परित्याग गरेका थापालाई काँग्रेसले सहमहामन्त्री र पाँच जना केन्द्रीय सदस्य दिने भएको हो । त्यसमा बाराका बृजलाल यादव, सिन्धुपाल्चोकका विष्णुविक्रम थापा, भोजपुरका बाबुराम बस्नेत र काठमाडौंका किरण गिरीको सम्भावना बलियो छ । काँग्रेसका आमन्त्रित केन्द्रीय सदस्य एवम् धनकुटाका पूर्व जिल्ला सभापति मनोहरनारायण श्रेष्ठ थापाको समूहलाई मंगलबार पार्टी प्रवेश गराउने कार्यक्रम रहेको रातोपाटीलाई जानकारी दिए ।

सभापति शेरबहादुर देउवाले मंगलबार पार्टी कार्यालय सानेपामा एक कार्यक्रमकाबीच थापा समूहलाई काँग्रेसमा समाहित गराउने श्रेष्ठको भनाइ छ । श्रेष्ठकाअनुसार गृहजिल्ला धनकुटामा राप्रापाका जिल्ला, पालिका र वडा समितिलाई काँग्रेसमा विलयका लागि व्यवस्थापन मिलाएर थापा आइतबार काठमाडौं फर्किसकेका छन् ।

'जिल्ला कार्यसमिति धनकुटामा समायोजन भइसक्यो । उहाँ (सुनिल थापा)सहित केही नेता १३ गते पार्टी प्रवेश गरिसकेपछि औपचारिक घोषणा गरिने छ । अन्य जिल्लामा पनि लगत्तै समायोजन गरिने कुरा भएको छ ।' त्यसका लागि १३ गते नेपाली काँग्रेस प्रदेश- १ ले पनि धनकुटामा पार्टी प्रवेश कार्यक्रम राखेको श्रेष्ठले जानकारी दिए । तर केन्दीय सदस्यका विषयमा ठोस सहमति भइसकेको छैन । थापाले राप्रपाको केन्द्रीय तहको जिम्मेवारी सम्हालेका नेताहरुलाई काँग्रेसको पनि केन्द्रीय समितिमा समेट्ने गरि जानुपर्नेमा जोड दिँदै आएको छन् । श्रेष्ठकाअनुसार सोमबार (भोलि) एक चरण काँग्रेसका शीर्ष नेताहरुसँग थापाले संवाद गर्ने छन् ।

थापाको समूहलाई काँग्रेस भित्र्याउने कार्यमा सक्रिय काँग्रेस उपसभापति निधिले यस कुरालाई स्वीकार गरे । उनले भने, 'उहाँले काँग्रेसमा आफूसहित केही नेताहरु आउने इच्छा व्यक्त गर्नुभएकै हो । उहाँले मेलाई म धनकुटा गएर फर्किन्छु । त्यसपछि थप कुराकानी गरौंला भन्नुभएको थियो ।' राप्रपाबाट राजीनामा दिनुअघि निधिसँगको पछिल्लो छलफलमा थापाले धनकुटाको आफ्नो पार्टीको कार्यसमिति नै ल्याएर काँग्रेसमा आउने बताएका थिए । निधिले भने, 'उहाँसँग तीन महिनादेखि कुरा भइरहेको छ । समग्रमा कुरा पनि भइसकेको छ । मैले उहाँलाई तपाईंसँग को आउछ ? टुंगो लाउनुपर्यो नि ? भनेर भनेको थिएँ । अब राजीनामा दिसकेपछि यो विषयमा छलफल गरेका निर्णयमा पुग्छौं । अहिलेसम्मको छलफल सकारात्मक छ ।'

राप्रपा परित्याग गर्नेहरुमा धनकुटा, सिन्धुपाल्चोक,बारा,धनुषा,सर्लाही लगायतका जिल्लाका कार्यकर्ताहरु समेत रहेका छन् । उक्त जिल्लामा उनीहरुको पनि समायोजन गरिने छ । काँग्रेसमा समाहित हुँदा पार्टीको विधानअनुसार राजनीतिक निर्णयका आधारमा उचित जिम्मेवारी दिइने निधिले बताए । थापासँग आफू निरन्तर संवादमा रहेको निधिले जानकारी दिए ।

सभापति देउवाले पार्टीका विभाग विस्तारमा जुटेका तत्काल काँग्रेसमा समाहित हुँदा केही नेताहरुलाई त्यहाँ पनि जिम्मेदवारी दिने रणनीति अनुसार छलफल चलिरहेको छ । थापासँगै काँग्रेसमा समाहित हुने अन्य नेताहरुलाई काँग्रेसले पार्टीका केन्द्रीय विभागहरुमा व्यवस्थापन गरिने बुझिएको छ । शनिबार नेता थापासहित ३१ नेताले राप्रपाका अध्यक्षत्रयलाई संयुक्त राजीनामा दिएका थिए । राप्रपा धनकुटाका जिल्ला अध्यक्ष लक्ष्मी सुब्बासहित जिल्ला कार्य समिति धनकुटाका सम्पूर्ण सदस्यहरुका साथै नगर,गाउँ,क्षेत्रीय इकाइ समितिहरु पनि काँग्रेसमा समायोजन गराउँदै छन् । योसँगै राप्रपाका संस्थापक स्वर्गीय नेता सूर्यबहादुर थापाको गृहजिल्ला धनकुटा राप्रपाविहीन हुने भएको छ । सुर्यबहादुरका छोरा सुनिलले राप्रपाका अध्यक्षत्रय कमल थापा, पशुपतिशमशेर राणा र डा.प्रकाशचन्द्र लोहनीलाई ३१ नेता र धनकुटाका सम्पूर्ण कार्यसमितिको राजीनामा बुझाएसँगै धनकुटा राप्रपाविहीन भएको छ । पूर्व उद्योग वाणिज्यमन्त्री समेत थापाको नेतृत्वमा राजीनामा बुझाएका ३१ जनाको सूचीमा धनकुटाका सबै कार्यसमितिहरुले पनि राप्रपा परित्याग गरेको उल्लेख छ । गत फागुनमा भएको राप्रपा एकीकरणको औपचारिक कार्यक्रममा पनि सुनिलको अनुपस्थितिलाई भएका थिए । नेतृत्व ढुलमुले दृष्टिकोणका साथ अगाडि बढेकाले पार्टी एकीकरणपछि पनि आकर्षण नबढेको र आफूहरुले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि जनमत प्रतिकूल अगाडि बढेकाले साथ दिन नसक्ने निष्कर्षमा पुगेको राजीनामापत्रमा उल्लेख छ । पार्टी एकतापछि पनि अस्पष्ट दृष्टिकोण र भागबण्डा कायम रहेको, सचिवालय र कार्य व्यवस्था समिति गठनमा समावेशितालाई बेवास्ता गरिएको र पार्टीको सबैभन्दा महत्वपूर्ण समितिमा महिला, मधेसी, थारु र दलितको प्रतिनिधित्व हुन नसकेको छैन भन्दै थापा समूहले राजीनामाको घोषणा गरेका छन् ।

एकता पश्चात बनेको केन्द्रीय कार्य समितिमा लामो समयदेखि केन्द्रीय कार्य समितिमा रही योगदान पुर्याएका महत्वपूर्ण नेताहरुलाई समेत समावेश नगरिएको भन्दै पार्टीभित्र असन्तुलन र विभेद प्रष्टै देखिएको बताइएको छ ।

**–सगरमाथा....**

सगरमाथा आरोहण गरेका सर एडमण्ड हिलारीले भनेको छन्– 'तेन्जिङ अत्यन्तै कुशल पर्वतारोही हुन् र उनी सदैव अन्य पर्वतारोहीहरुका लागि उत्साह र आदर्शका स्रोत रहनेछन् ।'

त्यसबेला, आजभोलि जस्तो सगरमाथा आरोहण गर्नका लागि चारवटा आधार शिविर नभएर नौं वटा आधार शिविरहरु हुने गर्थे । नवौं आधार शिविर सगरमाथाभन्दा करीब १ हजार फिट तल खडा गरिन्थ्यो । यो भनेको आजभोलिको चौथो आधार शिविरभन्दा करीब २ हजार फिट माथि हो । तर त्यसबेला पहिलो आधार शिविर आजभोलिको आधार शिविरभन्दा निकै तल खडा गरिएको हुन्थ्यो ।

सगरमाथा आरोहणको क्रममा जसोतसो तेन्जिङ र हिलारी नवौं शिविरसम्म पुगे । त्यहाँ केही सुस्ताएपछि उनीहरु पुनः अगाडि बढे । यसरी अगाडि बढ्ने क्रममा उनीहरु दुबैजना थाकेर लोत भइसकेका थिए । त्यसैले उनीहरु पुनः सगरमाथाको ढुंगे पहरामा सुस्ताउन थाले । सुस्ताउने क्रममै तेन्जिङले यसो माथितिर हेर्दा देखे- सगरमाथाको चुचुरो नजिकै छ, अलिकति बल गरे अब त्यहाँ पुग्न गाह्रो छैन । यो सोचाइले उनीहरुको थकान छुमन्तर भयो । यी दुई साहसी पर्वतारोहीहरु पुनः शिखरतर्फ बढ्न थाले । शिखरतर्फको कठीन यात्रामा अगाडि बढ्ने क्रममा अब उनीहरु चुचुरोभन्दा करीब १०० फिट मुन्तिर आइपुगे । त्यहाँको नांगो चट्टानमा दुईवटा पाल टाँग्न मिल्ने स्थान थियो । त्यहाँ उनीहरु केही बेर सुस्ताए । संसारको सर्वोच्च शिखरको चट्टान संसारलाई देखाउन तेन्जिङले त्यहाँबाट ढुंगाका दुई वटा टुक्रा टिपेर आफ्नो गोजीमा हाले ।

आखिरमा, तेन्जिङको कुशल पथप्रदर्शनले संसारकै सबैभन्दा उच्च स्थान सगरमाथाको शिखरमा मानवको पाइलालाई पुर्‍याएरै छाड्यो । नेपालको एउटा दुर्गम गाउँमा जन्मेका उत्साही शेर्पा तेन्जिङ र न्यूजिल्याण्डका मौरीपालक एडमण्ड हिलारी अन्तत्वोगत्वा मे २९, १९५३ का दिन अर्थात् वि.सं. २०१० साल जेठ १६ गते करीब ११:३० बजेतिर संसारको सर्वोच्च शिखर सगरमाथामा पुगिछाडे ।

सगरमाथाको चुचुरोमा पाइला टेकेपछि तेन्जिङ खुसीले चिच्याए- ' आखिरमा हामीले सगरमाथा चढिछाड्यौं !' तर तेन्जिङ अनि हिलारी दुबैले अक्सिजन मास्क लगाइराखेको हुनाले तेन्जिङले के भने, त्यो हिलारीले बुझ्न सकेनन् । हिलारीले त्यतिबेलासम्म पनि आफूहरुले संसारको सर्वोच्च शिखरमाथि विजय हासिल गरिसकेको कुरा अनुभव गर्न सकेका थिएनन् । हिलारीले एक ठाउँमा उल्लेख गरेका छन्- 'सगरमाथाको चुचुरोमा पुगिसक्दा पनि हामीले सगरमाथा आरोहण गरिसक्यौं भन्ने कुरामा मलाई विश्वास थिएन । म चुचुरोमा उभिएर सगरमाथा आउन अझ कति बाँकी छ भनी सोच्दैथिएँ ।'

सगरमाथाको चुचुरोमा पाइला टेकेपछि तेन्जिङ खुसीले चिच्याए- ' आखिरमा हामीले सगरमाथा चढिछाड्यौं !' तर तेन्जिङ अनि हिलारी दुबैले अक्सिजन मास्क लगाइराखेको हुनाले तेन्जिङले के भने, त्यो हिलारीले बुझ्न सकेनन् । हिलारीले त्यतिबेलासम्म पनि आफूहरुले संसारको सर्वोच्च शिखरमाथि विजय हासिल गरिसकेको कुरा अनुभव गर्न सकेका थिएनन् । हिलारीले एक ठाउँमा उल्लेख गरेका छन्- 'सगरमाथाको चुचुरोमा पुगिसक्दा पनि हामीले सगरमाथा आरोहण गरिसक्यौं भन्ने कुरामा मलाई विश्वास थिएन । म चुचुरोमा उभिएर सगरमाथा आउन अझ कति बाँकी छ भनी सोच्दैथिएँ ।'

सगरमाथाको चुचुरोमा पुगेपछि तेन्जिङले हिलारीलाई ग्वाम्मै अंगालो मारेर आफूहरुले सगरमाथामाथि विजय प्राप्त गरेको संकेत गरे । बल्ल हिलारीले आफूहरुले सगरमाथा आरोहण गर्न सकेको कुरा बुझे । त्यसपछि तेन्जिङले र हिलारी केहीबेरसम्म अंगालोमै आबद्ध भएर आफ्नो यस ऐतिहासिक खुसीलाई बाँडे । त्यसपछि तेन्जिङ र हिलारीले आफूले ल्याएका तथा नातेदारहरुले पठाएका प्रतिक चिन्हहरु त्यहाँ एउटा खाडल खनेर राखे । त्यस क्षण विजयको खुसीले भावुक बनेका बौद्धमार्गी तेन्जिङको मनमा आफ्ना लुगा तथा उपकरणहरु नै छाड्ने भावुक विचार पनि पलायो तर त्यसो गर्न व्यवहारिक रुपमा सम्भव थिएन । त्यसैले उनले आफूसँग भएको केही विस्कुटहरु, केही चकलेटहरु तथा एउटा निलो कलम गाडे । यो निलो कलम उनलाई उनका आफ्नै कान्छी बहिनी निमाले सगरमाथाको शिखरमा चिनो छाड्न भनी दिएकी थिइन् । वास्तवमा, त्यो कलम एउटा साधारण कलम थियो, तर सात वटा भाषा बोल्न सक्ने, लेख्न पढ्न चाहिँ नजान्ने तेन्जिङको लागि भने त्यो कलम असाधारण थियो, किनभने, त्यो कलम उनकी प्रिय बहिनीको सबैभन्दा प्रिय कलम थियो । त्यो कलम तेन्जिङको परिवारको तर्फबाट सगरमाथामा चढाउन पठाइएको सबैभन्दा प्रिय र अनमोल उपहार थियो । आफूले सो कलम सगरमाथाको चुचुरोमा गाड्दा तेन्जिङले हिलारीलाई देखाए, हिलारीले पनि मुस्कुराएर उनको कुरा बुझेको संकेत गरे ।

उनले आफूसँग भएको केही विस्कुटहरु, केही चकलेटहरु तथा एउटा निलो कलम गाडे । यो निलो कलम उनलाई उनका आफ्नै कान्छी बहिनी निमाले सगरमाथाको शिखरमा चिनो छाड्न भनी दिएकी थिइन् । वास्तवमा, त्यो कलम एउटा साधारण कलम थियो, तर सात वटा भाषा बोल्न सक्ने, लेख्न पढ्न चाहिँ नजान्ने तेन्जिङको लागि भने त्यो कलम असाधारण थियो, किनभने, त्यो कलम उनकी प्रिय बहिनीको सबैभन्दा प्रिय कलम थियो ।

त्यसपछि उनले गोजीबाट डोरीमा टाँसिएका चार वटा झण्डाहरु निकाले । यी चारवटा झण्डाहरु बेलायत, नेपाल, भारत र न्यूजील्याण्डका थिए । उनले झण्डा टाँसिएको उक्त डोरीलाई हिँउमा गाड्ने औजार ९क्ष्अ(बहभ० मा बाँधेर हावामा फहराए । उनले झण्डा फहराएको यो क्षणलाई हिलारीले तस्वीरमा कैद गरे । फर्कदा उक्त औजार चाहिने भएकोले तेन्जिङले झण्डालाई 'आइस एक्स'बाट झिकेर हिउँको ढिस्कोमा बाँधिदिए । सगरमाथाको चुचुरोमा पुगेर यी कार्यहरु गर्दासम्म तेन्जिङ तिर्खाले ब्याकुल बनिसकेका थिए । उनले आफूले बोकेको कागती-पानी खान खोजे तर सकेनन् । किनभने, सगरमाथाको चिसोले उनको पानीको बोतलको मुख नै जमिसकेको थियो । उनले तिर्खालाई बिर्सिदिएर केही विस्कुट खाए, केही विस्कुट हिलारीलाई पनि खान दिए ।

सगरमाथाको चुचुरोमा आफूहरु उभिएको त्यस क्षणमा सहृदयी तेन्जिङले आफ्ना अनन्य मित्र रेमण्ड ल्यामबर्टलाई सम्झन पुगे । ठीक एक वर्ष अगाडि अर्थात् मे २८, १९५३ का दिन उनी र उनका स्वीस मित्र ल्यामबर्ट सगरमाथा चढ्ने अदम्य इच्छा र साहस बोकेर आउँदा प्रतिकूलताका कारण सरगमाथाभन्दा ७७८ फिट तलबाटै फर्कनु परेको थियो । अघिल्लो आरोहणको बेला ल्यामबर्टले तेन्जिङलाई चिनोस्वरुप रातो स्कार्फ दिएको घटना, ल्यामबर्ट र आफूले एउटै पालमा रात बिताएका क्षणहरु तेन्जिङका आँखा अगाडि चलचित्रका दृश्यहरुजस्तै झल्झल्ती आउन थाले । आफ्ना अनन्य मित्र ल्यामबर्टले दिएको रातो स्कार्फ तेन्जिङले दार्जीलिङदेखि नै आफूसँग नछुटाइकन सगरमाथाको चुचुरोसम्म लिएर आएका थिए । ' अहिले सगरमाथा आरोहण गरेको बेला यदि ल्यामबर्ट पनि आफूसँग भएको भए कति जाती हुने थियो', तेन्जिङले यस्तो सोच्न पुगे । सगरमाथाको चुचुरोमा पुग्दा मौसमले पनि तेन्जिङ र हिलारीलाई साथ दिएको थियो । उनीहरुले सगरमाथा आरोहण गरेको त्यस क्षण सगरमाथाको मौसम शान्त र सफा थियो । शिखरमा करीब १५ मिनेट बिताएर तेन्जिङ एवं हिलारी फर्केका थिए ।

सगरमाथाको सफल आरोहणले अब तेन्जिङ विश्वका हिरो बन्न पुगे । उनले विश्व प्रसिद्धि कमाए, विश्वका धेरै मुलुक एवं नेताहरुबाट उनले विभिन्न सम्मानहरु प्राप्त गरे । बेलायतले उनलाई जर्ज क्रसले सम्मानित गरयो, उनी नेपाल ताराबाट विभूषित भए । बेलायतका दुई वटा सडकहरु उनकै नाममा नामाकरण गरिए । भारतका प्रधानमन्त्री नेहरु उनलाई भेट्न दार्जीलिङ नै आए । उनलाई विभिन्न मुलुकहरुबाट भ्रमणका निम्तोहरु प्राप्त भए । यस क्रममा सगरमाथाको सफल आरोहणपछि तेञ्जिङलाई बेलायत बोलाइयो । एडमन्ड हिलारीले एक अन्तर्वार्तामा भनेका छन्, "हामी त जान तयार भयौं । तर तेञ्जिङसँग पासपोर्ट थिएन । त्यसबेला भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले तेञ्जिङलाई पासपोर्ट दिए ।

यसमा नेहरूले नितान्त व्यक्तिगत चासो दिएको पाइन्छ । नेपाल सरकारले यसमा त्यति चासो दिएन, जति नेहरूले दिए । तेञ्जिङका संरक्षक बने- नेहरू । नेहरूले तेञ्जिङलाई दार्जीलिङमा माउन्टेनियरिङ स्कूल खोल्न र त्यसलाई चलाउन मद्दत गरे । पछि गएर तेञ्जिङले भारतीय नागरिकता पनि लिए ।

भारतका प्रधानमन्त्री नेहरु उनलाई भेट्न दार्जि्लिङ नै आए । उनलाई विभिन्न मुलुकहरुबाट भ्रमणका निम्तोहरु प्राप्त भए । यस क्रममा सगरमाथाको सफल आरोहणपछि तेञ्जिङलाई बेलायत बोलाइयो । एडमन्ड हिलारीले एक अन्तर्वार्तामा भनेका छन्, "हामी त जान तयार भयौं । तर तेञ्जिङसँग पासपोर्ट थिएन । त्यसबेला भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले तेञ्जिङलाई पासपोर्ट दिए । यसमा नेहरूले नितान्त व्यक्तिगत चासो दिएको पाइन्छ । नेपाल सरकारले यसमा त्यति चासो दिएन, जति नेहरूले दिए । तेञ्जिङका संरक्षक बने- नेहरू ।

नेहरुको विशेष चासोमा खोलिएको भारतकै पहिलो पर्वतारोहण इन्स्टिच्यूट दार्जीलिङस्थित 'हिमालय माउन्टेनियरिङ इन्स्टिच्यूट'को प्रथम फिल्ड डाइरेक्टरमा नियुक्त गरियो- तेन्जिङलाई । त्यसबेला नेहरुले तेन्जिङलाई भनेका थिए- 'अब तपाईंले हज्जारौं तेन्जिङहरुलाई जन्माउनुपर्छ ।' उनी यस संस्थाको फिल्ड डाइरेक्टर पदमा २२ वर्षसम्म रहे । स्थानीय जनताहरुको सहयोगमा निर्माण गरिएको उनको विशाल घरलाई उनले आफ्नो पारिवारिक पृष्ठभूमि, जन्मस्थानको नामको आधारमा नामाकरण गरे- घाङ ला । सगरमाथाको शिखर मात्र हैन, सम्मान, प्रसिद्धि र ख्यातिको चुचुरो नाघ्दा पनि तेन्जिङले आफ्नो जन्मस्थानलाई बिर्सेनन् । तेन्जिङका लागि सगरमाथा आरोहण जीवनको सबैभन्दा ठूलो धोको थियो । उनले सगरमाथा र त्यस वरिपरिका अन्य शिखरहरुलाई हिउँ र चट्टानको थुप्रोको रुपमा मात्र कहिल्यै हेरेनन् । उनी हिमशिखरहरुलाई जहिले पनि जीवन्त रुपमा लिने गर्थे ।

सगरमाथाको विजयपछि लेखिएको आफ्नो जीवनीमा एक ठाउँमा उनले भनेका छन्– 'मैले मेरो जीवनमा प्रतिक्षा गरेका ती महान क्षणहरुमा पर्वतहरु मेरा लागि हिउँ र चट्टानका निर्जीव थुप्रा हैनन्, बरु जीवन्त र मैत्रीपूर्ण रहे । वास्तवमा, सगरमाथा मेरो लागि आमा पोथी थिइन् र वरिपरिका अन्य शिखरहरु उनका पखेटामुनि रहेका चल्लाहरु ।'

चास्सचुस्स रक्सी खाइरहने र कमजोर स्वास्थ्य भएका तेञ्जिङ बिरामी भई सन् १९८५ मा दिल्ली अस्पताल भर्ना भएका थिए । मर्छुजस्तो लागेर होला उनले आफ्नो अनन्यमित्र हिलारीलाई भेट्ने इच्छा जाहेर गरे । उनी दिल्लीबाट दार्जीलिङ पुगे । हिलारीले भेट्न पाउनुभन्दा पहिले सन् १९८६ मे ९ मा तेञ्जिङको दार्जिकलिङमा निधन भयो । सरल, पवित्र र निश्चल स्वभाव भएका तेन्जिङ जनतामाझ कतिविधि लोकप्रिय थिए भने, उनको निधनमा निस्केको शवयात्रा एक किलोमिटरभन्दा लामो थियो !

## झापामा संघीय सरकारको पूँजीगत ६१. २४ प्रतिशत मात्र खर्च



**–सन्दर्भ समचारदाता**

भद्रपुर । झापामा संघीय सरकार मार्फत विनियोजित बजेट मध्ये पूँजीगत तर्फ ६१.२४ प्रतिशत तथा चालु तर्फ ९६ प्रतिशत खर्च भएको छ ।

कोष नियन्त्रक कार्यालय झापाको विवरण अनुसार आर्थिक वर्ष २०७६/०७७ को असार मसान्तसम्ममा संघीय सरकार मार्फत आएको बजेट मध्ये पूँजीगत तर्फ ६१.२४ प्रतिशत तथा चालु तर्फ ९६ प्रतिशत खर्च भएको हो ।

जस अनुसार स्थानीय तहको पूँजीगत तर्फ ८८.८० तथा संघीय कार्यालयहरूको ६१.२३ प्रतिशत खर्चभएको विवरणले देखाउँछ भने स्थानीय तहको चालुतर्फ ९७.०८ तथा संघीय कार्यालयहरूको चालुतर्फको खर्च ९६.५९ प्रतिशत असार मसान्तसम्म खर्च भएको देखिन्छ ।

प्रमुख कोष नियन्त्रक लावण्य दाहालका अनुसार संघीय कार्यालयहरूको खर्च विवरण यथार्थ भए पनि स्थानीय तहको खर्च विवरण सम्पूर्ण रूपमा संघीय कोष नियन्त्रक कार्यालयमा रहने छैन । प्रमुख दाहालका अनुसार संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय कोष मार्फत आय व्यय रहने स्थानीय तहको बजेटको खर्च विवरण हरेक स्थानीय तहमा फरक फरक हुन सक्छ ।

झापामा संघीय सरकार मार्फत पूँजीगत खर्चका लागि ६ अर्व १९ करोड ७६ लाख ५१ हजार ६९० रूपैया बजेट विनियोजन भएकोमा ३ अर्व ८१ करोड ७८ लाख १० हजार १२६ रूपैया ८६ पैसा खर्च भएको छ । खर्च हुन नसकेको रकम संघीय सरकारको कोषमा फिर्ता गएको जनाइएको छ ।

## तीन स्थानीय तह कोरोना संक्रमण मुक्त

भद्रपुर । झापाका १५ स्थनीय तहमध्ये तीन वटा स्थानीय तह कोरोना संक्रमण मुक्त भएकाछन् । कनकाइ नगरपालिका , गौरादह नगरपालिका र हल्दिवारी गाउँपालिका कोरोना मुक्त भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । कनकाई नगरपालिकाका १२, गौरादह नगरपालिकाका ११ र हल्दिवारी गाउँपालिकाका १२ जना संक्रमितहरुको उपचार पुरा भइसकेको छ । उनीहरु निको भएर घर फर्किसकेका छन् । आज विहानसम्मको तथ्याङ्क अनुसार जिल्लाभर संक्रमितको संख्या ३५१ पुगेको छ । त्यसमध्ये जिल्ला बाहिरका ५ जना छन् । कुल संक्रमित मध्ये २० जना सशस्त्र प्रहरी हुन् । उपचार हुन ३ महिला सहित ४४ जना पुरुष बाँकी रहेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । भद्रपुरका १, मेचीनगर २३, विर्तामोड २, अर्जुनधारा १, शिवसताक्षी १, दमक २, झापा ५, बाह्रदशी ५, बुद्धशान्ति १, कचनकवल १ , कमल १ र गौरीगञ्जका ४ जनाको उपचार हुन बाँकी छ । जम्मा ३५५ संक्रमित मध्ये ३०४ जना उपचार पछि निको भएर फर्किएका छन् ।

**लिम्बुवान....**

नवप्रवेशीहरुलाई साधारण सदस्यता बितरण गरेर पार्टी प्रबेश गराएका हुन् । पार्टी प्रवेश गर्नेहरुमा अधिकाङ्स राप्रपा , नेकपा , लिम्बुवानका नेता कार्यकर्ताहरु रहेका छन्। त्यस अवसरमा नवप्रवेशीहरुले आफुहरुले आस्था गरेको पार्टीले जनताको नेतृत्व गर्न नसकेकाले ती पार्टी परित्याग गरि निस्वार्थ रुपमा काङ्ग्रेसमा प्रवेश गरेको बताएका थिए ।

नवप्रवेशीहरुलाई स्वागत गर्दै पार्टी जिल्ला सभापति थापाले अहिलेको सरकार महामारीको बेलामा पनि देशको ढुकुटी लुट्ने कार्यमा ब्यस्त रहेकाले यस्तो नालायक सरकार पूरै असफल भएको आरोप लगाए । भ्रष्टचार द्वन्दहिनता जस्ता कार्यहरु यो सरकारको पालामा बढ्दै गएको उनले बताए ।उनले वीपी कोइरालाको पालादेखि नै काङ्ग्रेस समावेशी रहेको आदिबासी जनजातिको निम्ति आइएलओ १६९ समेत कांग्रेस सरकारको पालामा बनाएकाले कांग्रेसले मात्र आदिबासी जनजातिहरुलाई सम्मान गर्ने उनको जिकीर थियो । कार्यक्रममा बोल्दै नेता थेबेले काङ्ग्रेसको बिचार र सिद्धान्त लाई अङ्गालेर काङ्ग्रेस प्रवेश गरेका नेता कार्यकर्तालाई काङ्ग्रेसले सधै सम्मान तथा अवसर हरुलाई समान रुपमा वितरण गर्ने ,नयाँ पुरानो नभनी भेदभाब नगरिने उनले बताए ।

पार्टीका वडा सभापति मदन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका जिल्ला सदस्य जल कुमार गुरुङ, झापा क्षेत्र ३ प्रदेश (क ) सभापति नवीन बिमली , बिर्तामोड नगर सभापति भोजराज सिटौला , नेबिसंघका पूर्व केन्द्रिय सदस्य सन्तोष उप्रेती , वडा सदस्य दिपिका शिवा लगायतको उपस्थिति रहेको थियो । लोक बहादुर पौडेलले स्वागत मन्तव्य राखेको सो कार्यक्रमको महत्व माथि क्षेत्रीय सदस्य पहलमान श्रेष्ठले प्रकाश पारेका थिए । त्यस्तै, कार्यक्रमको सञ्चालन रुद्र प्रसाद खतिवडाले गरेका थिए ।



जी.पी. मोटरसाइकल रिकण्डिसन तथा वर्कसप साथै होण्डाको अथोराइज डिलर
हाम्रा सुविधाहरु
१) होण्डा ब्राण्डका नयाँ बाइक तथा स्कुटरको बिक्री
२) सेकेण्डश हेण्ड बाइक तथा स्कुटरको खरिद तथा बिक्री
३) होण्डाको फ्रि सर्भिस
४) जस्तो सुकै ब्राण्डका मोटर साइकल तथा स्कुटरको फल इन्जिन ग्यारेण्टीका साथ बनाइने साथै सुपथ मूल्यमा सर्भिसिङ गरिने
५) सबै प्रकारका बाइक तथा स्कुटर पार्टस, टायर, ब्याट्री, मोबिल सुपथ मूल्यमा पाइने
HONDA
नोट : हामीसंग मनि ट्रान्सफरको पनि सुविधा छ।
१) प्रभु मनि रेमिट २) हिमाल रेमिट ३) वेस्टन युनियन रेमिट ४) रिलाइबल रेमिट
५) सेन्चुरी रेमिट ६) पानस रेमिट ७) सम्सरा रेमिट ८) युनाइटेड रेमिट ९) मनिग्राम
himal remit MoneyGram WESTERN UNION MONEY TRANSFER
भद्रपुर-७ (चन्द्रगढी), झापा
नबिल बैंक छेउ, प्रधान लज अगाडी
सम्पर्क : ९८५२६५५५८२